# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## काठेखोला गाउँपालिका
## बागलुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## काठेखोला गाउँपालिका

## बागलुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

काठेखोला गाउँपालिका

बागलुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बागलुङ्ग ।

१. कैफियत सहितको राय — हामीले काठेखोला गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ७८ लाख २४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट बेरुजु हटाउन मिल्ने नदेखिएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७३ लाख ८० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३३ लाख ८६ हजार र नियमित गर्नुपर्ने रु.३ करोड ७० लाख ५८ हजार समेत रु.५ करोड ७८ लाख २४ हजार रहेको छ । काठेखोला गाउँपालिकाको गतवर्ष सम्म रु. ६ करोड २३ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड १ लाख २९

हजार रहेको छ । काठेखोला गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने काठेखोला गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी काठेखोला पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

काठेखोला गाउँपालिका,

बागलुङ्ग,जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ३२ | ५७८२४ | ० | ० | ० | ४० | ३२ | ५७८२४ | ७३८० | ३७०५८ | १३३८६ | ० | ० | ५०४४४ | ० |

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागलुङ्ग | १०८८३९ | ० | ४६५३४ | ६२३०५ | ० | ५७८२४ | १२०१२९ |

३. बेरुजु सम्परीक्षणको विवरण (रु. हजारमा)

| सि न | दफा | आर्थिक वर्ष | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | १८ | **२०७७।०७८** | पदाधिकारी सुविधा दाखिला गरिएको भौचर पेश । | ६४३ |
| २ | २८ | **२०७७।०७८** | बढि ग्रेड असुल गरि भौचर पेश । | २७ |
| ३ | २९ | **२०७७।०७८** | अनुगमन गरि प्रतीबेदन पेश । | १३०० |
| ४ | ३० | **२०७७।०७८** | कार्यसम्पन्न तथा अनुगमन प्रतिबेदन पेश । | १५००० |
| ५ | ३१ | **२०७७।०७८** | प्रोत्साहन रकम बुझेको भर्पाइ पेश । | २०० |
| ६ | ३२ | **२०७७।०७८** | पाठ्यपुस्तक बढी निकासा असुल गरि भौचर पेश । | ४३ |
| ७ | ३३ | **२०७७।०७८** | बैक दाखीला गरिएको भौचर संलग्न गरिएको | ४८ |
| ८ | ३५ | **२०७७।०७८** | बिद्यालयहरुको अनुगमन प्रतीबेदन पेश गरिएको । | ४४१ |
| ९ | ३६ | **२०७७।०७८** | ढुवानी कर असुल गरि दाखीला गरिएको भौचर पेश । | १५ |

| | | | | |
|---|---|---|---|---|
| १० | ३७ | २०७७।०७८ | बढि भुक्तानी असुल गरि दाखीला गरिएको भौचर पेश । | ४ |
| ११ | ३८ | २०७७।०७८ | बितरणको भर्पाइ पेश । | १०० |
| १२ | ४१ | २०७७।०७८ | पारिश्रमिक कर दाखिला गरि भौचर पेश । | ६६ |
| १३ | ४५ | २०७७।०७८ | तलबमा बढि निकासा भौचर पेश । | ७४ |
| १४ | ४८ | २०७७।०७८ | प्राबिधीक ग्रेड पाउने सम्बन्धी प्रमाण पेश । | ८० |
| १५ | ५४ | २०७७।०७८ | अनुगमन प्रतिबेदन प्रमाण पेश । | ४९९ |
| १६ | ५७ | २०७७।०७८ | जिन्सी दाखिलको प्रमाण पेश । | ५०० |
| १७ | ५९ | २०७७।०७८ | असुल गरि दाखीला गरिएको भौचर प्रमाण पेश । | ३७ |
| १८ | ६० | २०७७।०७८ | सेनेटरी प्याड खरिदको भर्पाइ पेश । | ९२३ |
| १९ | ६१ | २०७७।०७८ | असुल गरि दाखीला गरिएको भौचर पेश । | १४ |
| २० | ६३ | २०७७।०७८ | मु अ कर बढी असूलको प्रमाण पेश । क पर्यटन . ३३५५७।<br>ख. भिमसेन क्याम्पस . २६७५६। | ६१ |
| २१ | ६६. | २०७७।०७८ | असूलको भौचर पेश । भिमसेन क्याम्पस भवन रु. १८१८४।<br>वडा कार्यालय भवन तथा तारबार रु. २२२७२।<br>४ नंबर वडा कार्यालय भवन रु. २२६५८।<br>भिमादरबार तथा कोट मन्दीर रु. १८५४५।<br>बौद्द बिहार भवन निर्माण योजना रु. २१८२८।<br>धारा मा बि खेलकुद ९०८६।<br>भिमसेन क्याम्पस भवन रु १९६१५। | १३२ |
| २२ | ७२ | २०७७।०७८ | दाखिला गरिएको भौचर पेश ।<br>वडा नं. ४ हिरा बहादुर दमाइ १४१४४।<br>वडा नं. ४ तुलसी थापा ३०००।<br>वडा नं. ७ सर्वजित पाण्डे १२०००। | २९ |
| २३ | ५० | २०७७।०७८ | बेरूजु खातामा दाखिला गरि भौचर पेश । | ४०९९ |
| २४ | ५२ | २०७७।०७८ | बेरूजु खातामा दाखिला गरि भौचर पेश । | ३२२ |
| | | | **जम्मा** | **२४६४९** |
| २५ | ४१ | २०७८।०७९ | पेश्की फर्छ्यौयटको प्रमाण पेश । | १७७० |
| २६ | ४३ | २०७८।०७९ | बैक जमानत पेश | ६६५० |
| २७ | ५५ | २०७८।०७९ | पेश्की फर्छ्यौयटको प्रमाण पेश । | ८५० |
| २८ | ६९ | २०७८।०७९ | कार्य सम्पन्न प्रतिवेदन पेश । | १२६०० |
| | | | **जम्मा** | **२१८७०** |
| २९ | ४५ | २०७४।०७५ | नर्मस भन्दा बढीको भौचर पेश । | **१५** |

**काठेखोला गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :-** संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च)** यस गाउँपालीकामा ८ वडा ४४ सभा सदस्य, ८२.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को जनगणना अनुसार २२४३२ जनसंख्या रहेको छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु.१९ लाख १० हजार असूल भइ संघिय राजस्व खातामा दाखिला भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दोहोरो भुक्तानी असुली | १८९०००० |
| २ | बैठक भत्ता असुली | २०००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ ऐनको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउपालिकाले गर्नुपर्ने गरी उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा देहायका कार्यहरु भएको देखिएन भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएको छ। अत ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ।

दफा ११ अनुसार

♣ सार्वजनिक ऐलानी र प्रर्ती जग्गा, सार्वजनिक भवन, भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा भए गरेको देखिएन,

♣ अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको,

♣ प्रदेश कानुनको अधिनमा रही एफ.एम सञ्चालन सम्बन्धी कार्य नभएको,

♣ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन नभएको,

♣ आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,

♣ मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती अनुगमन तथा नियमन नभएको,

♣ सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,

♣ स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,

♣ वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन नभएको,

♣ स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन नभएको,

♣ स्थानीय चरन तथा खर्कको विकास र व्यवस्थापन नभएको,

♣ जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,

♣ एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,

♣ स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,

♣ स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,

♣ स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,

♣ खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी कार्य नभएको,

♣ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,

♣ सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,

♣ खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,

♣ बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग नगरेको,

♣ खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,

♣ स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन नभएको,,

♣ व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,

♣ प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,

♣ संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन नभएको,

♣ संघीय तथा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन नगरेको,

♣ स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,

♣ दफा २४ उपदफा ४ अनुसार पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,

♣ दफा ८३ (७) अनुसार पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा नभएको ।

♣ दफा ७१ अनुसार पालिकाले स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखियो ।

♣ दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन प्रकृयालाई अझै सशक्त वनाउनु पर्ने देखियो ।

♣ दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा भए गरको देखिएन ।

♣ दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाई लागु गरेको छैन ।

♣ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको छैन ।

♣ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरि कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।

♣ संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समितिको दर्ता गर्नुपर्नेमा गरेको छैन ।

♣ पालिकाले २०७९।०८० मा भएको आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको छैन ।

♣ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

♣ जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा भए गरेको देखिएन ।

♣ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो बमोजिम गरेको छैन ।

♣ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता प्रयोग गर्नुपर्नेमा गरेको देखिएन ।

♣ स्थानीय तहले निर्माण व्यवसायी र उपभोक्ता समिति मार्फत गराएको कार्यमा निर्माण कार्यमा प्रयोग हुने माल सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

♣ पालिकाले सवै आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट पर्याप्त मात्रामा जनसहभागिता वा लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा दिएको देखिएन ।

♣ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको वास्तविक योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट हुनेगरी सरोकारवालाको पर्याप्त सहभागिता हुनेगरी सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो नभइ केहिमा अत्यन्त न्युन सहभागिता सहित र केहीमा पालना भएको नदेखिदा सो अनुसार हुन पर्ने देखिन्छ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• भ्रमण प्रतिवेदन लिने नगरेको तथा ईन्धन खर्च सम्बन्धमा सवारी लगबुक राखेको देखिएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन भएको देखिएन ।

• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन भएको देखिएन ।

• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको संचालन तथा व्यवस्थापन भएको देखिएन ।

• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन गरेको देखिएन ।

• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन भएको देखिएन ।

• स्थानीय साना सतह तथा भूमिगत सिचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन भएको देखिएन ।

• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा भएको देखिएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ

सैद्धान्तिक बेरुजु

४ **. क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्य प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४३२९३००० | ३७९८५२०७ | ८७.74 |
| सामाजिक विकास | ३४९५२५३४१ | ३३०३८७६१६ | ९४.52 |
| पूर्वाधार विकास | १५००७६६९५ | १२१७०४६८७ | ८१.15 |
| सुशासन तथा अन्तर सम्बन्धितत क्षेत्र | २३२४५००० | २०१९६४०५ | 86.88 |
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ८३००५२४३ | ६९००३००२ | 83.13 |
| जम्मा | ६४९२४५२७९ | ५७९३६६९१८ | 89.25 |

खर्च बिश्लेषणः पालिकाले यसबर्ष आन्तिरक आय रु ६३८३५६९।१३ राजस्व बाँडफाँड तथा अनुदानबाट रु ५५३३३३१०५. समेत रु ५५९७१६६७४।३४ आम्दानी भएकोमा चालु तर्फ रु-३४७७७८५८४ र पूँजिगत तर्फ रु-२३१५८८३३३ समेत रु५७९३६६९१८ खर्च भएको छ। कुल खर्चमा आन्तरिक आयको हिस्सा १.१० प्रतिशत रहेको छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **सिफारिस**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। त्यसैगरी यस पालिकाबाट बसाइ सरी आउने भन्दा अन्यत्र बसाइ सरी जानेको संख्या अत्याधिक बढी रहेको

देखिएको हुदा यसतर्फ पालिकाले गम्भिर ध्यान दिइ आवश्यक कार्य गर्नु पर्ने देखिन्छ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| सि नं | बिबरण | सिफारिस भएको संख्या |
|---|---|---|
| १ | जन्म दर्ता | 850 |
| २ | मृत्युदर्ता | 310 |
| ३ | बसाईसराई भई आउनेको दर्ता | 47 |
| ४ | बसाईसराई भई जानेको दर्ता | 110 |
| ५ | विवाह दर्ता | 426 |
| ६ | सम्वन्ध बिच्छेद | 26 |

सैद्धान्तिक बेरुजु

६ **दरबन्दी तथा पदपूर्ति**

दरबन्दी तथा पदपूर्ति –संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाको लागि विभिन्न पदमा २९ जनाको दरवन्दी तोकिएको देखियो । उक्त दरवन्दी मध्ये २५ जनाको पदपूर्ति भए तापनि बाकी पदहरुमा पदपूर्ति भएको देखिएन ।स्वास्थ्य तर्फ ४७ दरवन्दी मध्ये ३७ को स्थायी पदपूर्ति भएको देखिन्छ । उक्त दरवन्दीको अतिरिक्त गाउँपालिकाले अस्थायी तर्फ ३ जना, सेवा करार चालक ४ जना कार्यालय सहयोगी, १४ जना विभिन्न कार्यक्रम सञ्चालनको लागि स्वास्थ्य तर्फ १३ जना, कृषि, पशु तर्फ ८ जना, प्रधानमन्त्री रोजगार तर्फ ३ जना, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ १ जना, लघु उद्यम तर्फ २ जना, पिएलजीएसपी तर्फ १ जना , प्राबिधिक तर्फ ३ जना र स्वकिय सचिब १ जना समेत ५३ जना कार्यरत रहेको उल्लेख छ । करार तर्फका कर्मचारीको लागि यो वर्ष रु १७३८७५३३।०४ पारिश्रमिक वापत भुक्तानी भएको छ । दरबन्दी र पदपूर्तिको विवरण अद्यावधिक गरी दुरुस्त गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष तेज ब थापाबाट २०७९ असार १० गते रु ५४ करोड ९१ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९ असार १० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७९ असार १५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

८ **अवण्डा तथा बचत**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सहितको बजेट पेश र पारित गर्ने ब्यवस्था छ। काठेखोला गाउपालिकाको एघारौ गाउसभाले मिति २०७९ आषाढ १० मा रु५४ करोड ९१ लाख २३ हजारको व्यय विवरण पारित गरेको देखिन्छ। पुन १२ औं सभाले मिति २०७९ माघ ८ मा संचित कोषमा बचत रहेको रु२ करोड ५ लाख विनियोजन गरी गाउँसभाबाट पारित भएको पाइयो। उपर्युक्त स्थितिले बजेट तर्जुमा कार्य वस्तुपरक रुपमा तयार गर्नुको अतिरिक्त अवण्डा तथा बचत रकम कार्यपालिकाले निर्णय गरी खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

९ **योजना र कार्यान्वियन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| | | | |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | 43 | 2550000 |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | 451 | 11275000 |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | 17 | 12750000 |

| | | | |
|---|---|---|---|
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | 9 | 2300000 |
| ५ | ५० लाख भन्दा माथिका योजना | 0 | 0 |
| | जम्मा | 520 | 265800000 |

सैद्धान्तिक बेरुजु

१० **खरिद योजना**

सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम ७, ८ र १६ अनुसार कार्यालयले वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने र कार्यक्रम संशोधनसँगै अद्यावधिक गर्ने गरेको छैन । दफा ८ वमोजिम सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमा भन्दा वढीको खरिद गर्न नहुने एवं एउटै आपुर्तिकर्तासंग एक पटक भन्दा बढि खरिद गर्न नहुने उल्लेख रहेकोमा योवर्ष एउटै फर्मसंग एक पटक भन्दा बढि सोझै खरिद गरेको भनि आ ले प ले समेत औल्याएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम कार्य गर्नु गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सेवा प्रवाह**

पालिकाले विगत वर्ष जस्तै यो वर्ष पनि सामाजिक, आर्थिक, पूर्वाधार लगायतका विभिन्न कार्य गर्दै आएको छ । सोको अतिरिक्त नागरिकता, राहादानी लगायत विभिन्न सिफारिस गरी जनसरोकारका कार्य गरेको देखिन्छ ।पालिका सञ्चालनको लागि मुख्य स्रोत संघको अनुदान रहेको छ । यो वर्षको वार्षिक कार्यक्रममा समावेश भएका कतिपय योजना सञ्चालन हुन सकेको देखिदैन । पालिकाको आफ्नो स्वामित्वमा कार्यालय भवन रहेको छैन । नागरिकको आयआर्जन वृद्धि हुने प्रभावकारी कार्यक्रम सञ्चालनमा ल्याउन सकेको देखिदैन । सेवाको गुणस्तरमा वृद्धि गर्न तत्सम्वन्धी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार

गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 0 उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ६ वटा विवाद दर्ता भएको मध्ये ६ वटा फस्यौंट भएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहाय अनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रकम विभिन्न सहकारी संस्थालाई बीउपूजी तथा अनुदानमा रकम खर्च लेखेकोमा पालिकाले अनुदानको सहि सदुपयोग भए नभएको अनुगमन र उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। अनुगमनलाई प्रभावकारी वनाई दोहोरोपन नहुने गरी अनुदानग्राहीको जीबन स्तरमा सुधार आएको यकिन गरी रकमको सहि सदुपयोगमा ध्यान दिनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **विविध खर्च**

यो वर्ष विविध तर्फ रु. २३६७१६१ खर्च भएको छ । आन्तरिक आय रु. ६३८३५६९।१३ को तुलनामा उक्त खर्च ३७.०८ प्रतिशत हुन आउँछ । पदाधिकारी सुविधा अन्तर्गतको पदाधिकारी तथा सदस्यलाई अतिथि सत्कार सुविधा खर्च शीर्षकमा वार्षिक रु.१८७८०००। भुक्तानी भएको देखिन्छ । अतिथि सत्कारमा भएको खर्चको नमूना परीक्षण गर्दा कतिपय विल भरपाईहरु जिल्लाको सदरमुकाम स्थित सेवा आपूर्तकवाट जारी भएको देखिन्छ । पालिकाको आन्तरिक आय समेतलाई विचार गरी यस प्रकारको खर्च व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१५ **सुविधा खर्च**

गाउँपालिका पदाधिकारी तथा सदस्यलाई सुविधा (इन्धन, मोविल, यातायात, पत्रपत्रिका, इन्टरनेट, टेलिफोन, अतिथी सत्कार, अनुगमन, सहजीकरण र चाडपर्वमा) तर्फ रु ९१४१४८०। भुक्तानी भएको छ । यो वर्ष आन्तरिक आय (सिफारिस दस्तुर, सम्पत्ति कर, घरवहाल कर लगायत) तर्फ रु६३८३५६९।१३ प्राप्त भएको देखिन्छ। आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी ६९.८३ प्रतिशत रहेकोछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **ईन्धन खर्च**

ईन्धन खर्च भुक्तानी दिदा कुपन तथा आदेशवाट ईन्धन खर्च भएको विल र साधनको प्रयोग भएको लगबुक संलग्न रहेको तह अनुसार तोकिएको कोटा भित्र ईन्धन खर्च गरिएको जस्ता आवश्यकता हेरि ईन्धन खर्च लेख्नु पर्नेमा कतिपय ईन्धन विल भुक्तानी गर्दा सवारी लगवुक नभएको देखिदा लगवुक पेश गर्नुपर्ने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १७ मर्मत खर्च भुक्तानी

भवन, सवारी साधन, मेशिनरी उपकरण कार्यालय सामान फर्निचर लगायत पूंजीगत सामानको मर्मत सम्भार गरि भुक्तानी दिदा सोको लागत ईष्टिमेट तयार गरि मर्मत खर्च मितव्ययी बनाउनु पर्ने, मेशिन सवारी साधन को मर्मत चल्ती मेशिन वा सवारीको किताबमा मर्मत तथा सम्भारको लगत राख्नु पर्ने, फेरिएका सामानको फिर्ता दाखिला गर्नुपर्ने, मर्मत गर्न अधिकार प्राप्त अधिकारीको आदेश र मर्मत भएको कुरा सम्वन्धित कर्मचारी वा प्राविधिकवाट प्रमाणीत गराई नियमानुसार राख्नुपर्नेमा सो बमोजिम भएगरेको नदेखिदा मर्मत अभिलेख अद्यावधिक हुनु पर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १८ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गत बिगतको बाकी मौज्दात रु ८लाख रहेकोमा योवर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी जम्मा गरेको छैन ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|
| | |

## १९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा प्रत्येक वर्ष कार्यालयले गतआर्थिक वर्षको मौज्दात चालु आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भइ आएको मालसामान तथा वस्तुगत साहायताको रुपमा प्राप्त मालसामानको परिणाम र मुल्य तथा बाकी जिन्सी मालसामानको परिमाण र मुल्य समेत खुलाइ जिन्सी मालसानको श्रेस्ता नेपाल सरकारले स्वीकृत गरेको ढाचामा राख्नु पर्ने कानुनी व्यवस्था भए अनुरुप कार्यालयले जिन्सी सामानको अद्यावधिक विवरण प्रष्ट रुपमा खुलाइ जिन्सी निरीक्षण प्रतिवेदन तयार पारी अन्तिम लेखापरीक्षण हुनुभन्दा पहिले नै अद्यावधिक गराइ राख्नु पर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएको छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

२० **गुणस्तर सुनिश्चितताः**

निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण गरिएको हुनुपर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरेका सिमेन्ट र बालुवाको स्वयं जनशक्तीले गरेतापनि गुणस्तर परिक्षण गरेको छैन । फलामे डण्डी, गिट्टी, सिमेन्ट र बालुवाको तथा अन्य निमार्ण सामाग्री कार्यालयले परीक्षण गराउन लगाएको देखिएन । सबै सामाग्रीको कार्यालयको तर्फबाट समेत ल्याव परिक्षण गराउन लगाई गुणस्तर सुनिश्चिता गरिदा निमार्ण कार्यमा विश्वसनियता वढ्न जान्छ भनि आ ले प ले समेत औल्याएको छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

२१ **नापी किताव**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भए अनुसार वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ भनि आ ले प ले समेत औल्याएको छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

२२ **पेश्की**

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले देहाय बमोजिम लिएको मोबिलाइजेशन लगायत अन्य पेश्की बाकी रकम मध्ये म्याद ननाघेको रु ६६५००००। आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की बाकी | म्याद नाघेको पेश्की बाकी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 2079.04.01 | 19.20 | जेशी निशान आर्चर्य जे भी | 6650000.00 | ० |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

२३ **आन्तरिक आय**

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रु.४००००००।०० सकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ रु.६३८३५६९।१३ आम्दानी देखाएको छ । आन्तरिक आय सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

१. आन्तरिक आय सकलनको लागि पालिकाले सफ्टवेयर सचालनमा ल्याए तापनि वाड. न. १ देखि ८ वटै वडामा अनलाईन रसिद प्रयोग गरी आम्दानी सकलन गरेको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रत्येक वडाको जम्मा आम्दनी रु.५६५३६८७।३३ देखिएकोमा सवै वडामा सफ्टवेयर लागु नभएकोले वडागत असुल भएको नगद समयमा बैक दाखिल भएको देखिदैन । समग्र कारोवार अनलाईन गरी सेवाग्राहीलाई सोझै बैकमा जम्मा गर्ने गराउने तिर पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

२. नगद असुल भएको वडामा अनलाईन रसिद प्रयोग गरेको भएता पनि प्रत्येक दिनको आम्दानी दैनिक कितावमा चढाई प्रत्येक दिनको अल्या गर्नु पर्नेमा सो गरेको देखिएन ।

३.पालिकाले आर्थिक बर्ष २०७९।८० मा अनलाईन मार्फत रसिदहरु रसिद नियन्त्रण खातामा आम्दानी बाँधी राख्नु पर्नेमा राखेको भएता पनि कतिपय रसिदबाट क्यन्सिल समेत भएको देखिन्छ ।

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २७ मा प्राप्त आम्दानी सोही दिन र सोही दिन सम्भव नभए सोको भोली पल्ट लेखा राखी बैक दाखिला गर्नुपर्ने व्यवस्था छ । वडामा प्राप्त नगद आम्दानी बैक दाखिला परीक्षण गर्दा नगद असुल भएको रकम अर्को महिनामा बैक दाखिला भएको देखिन्छ । पालिकाले नगद आम्दानी गर्दा नियममा तोकेको समयमा बैक दाखिला गर्ने तिर ध्यान दिनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

२४ **राजश्व दाखिला**

प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा २३ (३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेकोमा सवै वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ भनि आ. ले. प. ले समेत औल्याएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **समानीकरण अनुदानबाट शिक्षकको तलव**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तह्लाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरवन्दी बाहिरका विद्यालयका शिक्षकको नाममा रु १९९९९८। खर्च लेखेको छ । आन्तरिक स्रोतबाट तलव भत्ता खानेगरी नियुक्त शिक्षकहरुलाई सशर्तबाट खर्च लेख्न मिल्ने नदेखिएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १९,९९,९९८ |

२६ **माग फाराम**

विद्यालयलाई त्रैमासिक रुपमा तलव तथा अन्य अनुदान निकासा दिदा विद्यालयहरुले पेश गर्ने आवश्यक कागजात तथा रकम यकिन गरी शिक्षा शाखाबाट प्रमाणित गरी आर्थिक प्रशासन शाखामा निकासाका लागि पेश गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा छनोट भएका माग फारमहरुमा कतिपयमा जोड जम्मा नै नगरेको, कतिपय रुजु नभएका तथा कतिपयमा शिक्षक अवकाश तथा नयाँ नियुक्ति पत्र समावेश नभएको पाइयो । यसबाट अभिलेख व्यवस्थापन प्रणाली कमजोर भई स्रोत साधनको अपचलन हुनसक्ने संभावना देखियो । कार्यालयको अभिलेख तथा आर्थिक व्यवस्थापन प्रणालीमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को प्रकृया पुरा गरेका लाभग्राहीहरुलाई रु.५० हजारको सम्झौता मध्ये प्रथम किस्ताको ६० प्रतिशत अनुदानबाट निर्माण सामाग्री खरिद गरेपछि प्राविधिक प्रतिवेदन वमोजिम अन्तिम किस्ता वापत ४० प्रतिशत उपलव्ध गराइने र किस्ता रकम अन्य प्रयोजनमा खर्च गरेको पाइएमा अनुदान रकम असूल उपर गरीने उल्लेख छ । योवर्ष कुल स्वीकृत आवास संख्या ७२ को हुने रु ३६ लाख निकासा प्राप्त भएकोमा कार्यालयले योवर्ष ३४ लाभग्राहीहरुलाइ रु ४८०००। का दरले रु १६३२०००। निकासा दिइ खर्च लेखेको छ भने रु ६४६९९। रकम कन्टिन्जेन्सी वापत भनि कट्टी गरी राखेको छ । बाकी रहेको रकम रु १९०३३०१। को ले नि का मार्फत निकासा फिर्ता गरेको जनाएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **सुरक्षित आप्रवासन परियोजना [SAMI – III]**

बैदेशिक रोजगारलाइ सुरक्षित ब्यबस्थित मर्यादित उपलब्धिमूलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौता भइ सुरक्षित आप्रवासन परियोजना सामी कार्यन्वयनमा रहेकोमा तेस्रो चरणको समयावधि २ वर्ष थप भइ २०७९ श्रावण १ देखि २०८१ असार ३१ सम्म कायम भएको छ। तेश्रो चरण श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय अन्तरगत संचालनमा रहेको छ । ३८ जिल्लाका १५६ स्थानिय

तहमा संचालित यो परियोजना २०७५ भाद्र १ देखि संचालनमा रहेको मध्ये यस पालिकामा पनि संचालनमा रहेको छ । यस परियोजना अन्तर्गत विनियोजन भएको रकम रु २१ लाख मध्ये रु १८ लाख ३७ हजार एक सय सैतिस खर्च भइ बाँकी रहेको रकम रु २ लाख ७२ हजार ८ सय ६३ संघीय संचित कोषमा फिर्ता भएको जनाएको छ । पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ। सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रमको उद्धेश्य अनुरुपको कार्यक्रम कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुने भएकोले पालिकाले कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै यस स्थानीय तहले उक्त कार्यक्रमको अनुगमन समेत गरेको पाइएन । नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौतामा उल्लेख भए अनुसार यस स्थानीय तहले Matching Fund समेत बनाएको पाइएन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

२९ **चौमासिक पूजिगत खर्च**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ चौमासिक प्रगति तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम अनुसार वा क्रियाकलाप संचालन गर्नु पर्दछ । कार्यलयको यस वर्ष पूजीगत तर्फको चौमासिक र आषाढ महिनाको खर्चको अवस्था निम्न वमोजिम रहेको छ । निर्धारित कार्यक्रम अनुसार निर्धारित चौमासिकमा खर्च गर्नु पर्दछ । कुल पूजीगत खर्च रु २३१५८८३३४ मध्ये प्रथम चौमासिकमा ३.९३ प्रतिशत, दोस्रो चौचमासिकमा १७.७१ प्रतिशत तेश्रो चौमासिकमा ७८.३४ प्रतिशत र आषाढ महिनामा ३६.९१ प्रतिशत खर्च भएको छ । आषाढ महिनामा मात्र ३६.९१ प्रतिशत खर्च गर्नाले अनुगमन तथा मुल्याङ्कन गर्न कठिनाइ र आयोजना प्रभावकारी रुपले संचालन गर्न कठिनाइ हुने हुदा त्यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

| कुल पूजीगत खर्च रकम | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|
| 231588333.64 | 9199958 | 41029514 | 18143886२ | 10353966३ |
| प्रतिशत | 3.91 | 17.71 | 78.34 | 36.91 |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

३० **कर्मचारी करार**

कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले योवर्ष विभिन्न पदमा ५३ जना कर्मचारीहरु करारमा राखी पारिश्रमिक लगायतको सुबिधा

रु.१७३८७५३३।–भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ। जस मध्ये १२जना दरबन्दी भन्दा बाहीरको कर्मचारी करारमा भर्ना गरी रु.३८०५४६३। खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ३८,०५,४६३ |

३१ **संघ विशेष अनुदानः**

संघ विशेष अनुदानः पालिका कार्यालय अन्तर्गत वडा नं.६ मा रहेका १५६ घरधुरीलाई एक घर एक धारा कार्यक्रम अन्तर्गत रु.१०५५९९९५।४४ को लागत अनुमान स्विकृत गरी निर्माण व्यवसायी अमृत निर्माण सेवा संग २०७८।२।१५ भित्र सम्पन्न गर्नेगरी मिति २०७७।२।१८ मा रु.९६००७०३।२९ को सम्झौता गरेकोमा समयमा निर्माण व्यवसायीले कार्य सम्पन्न नगरी अर्को वर्ष २०७८।७९ मा मात्र गरेको र सोवर्ष बजेट ब्यवस्था नभएको जनाई कार्यालयको विविध खाताबाट अन्तिम विलको रु.६३०९४७२।६६ भूक्तानी खर्च लेखेकोमा उक्त रकम आ व २०७९।८० सम्म पनि संघीय सरकारबाट सोधभर्ना प्राप्त भएको नदेखिएको हुदा प्राप्त हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६३,०९,४७३ |

३२ **परामर्शदाता खर्च**

बजेट व्यवस्था भै कार्यान्वियन हुने आयोजनाको मात्र गुरूयोजना, डीपीआर, अध्ययन तथा सुपरभिजन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले योवर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई भुक्तानी गरेको छ ।

| काम/अध्ययन विवरण | लागत अनुमान | खरिद विधि | प्रस्ताव | परामर्शदाताकोनाम | सम्झौता | जम्मा काम | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| चट्याग‌ं प्रतिरोधी प्रणाली जडान कार्यको डिपीआर अध्ययन | १९९६९१२ | पत्रबाट हार्डकपी आर्थिक र प्राविधिक प्रस्ताव | ३ | हेवाइल इन्जिनियरिगं कन्सल्टेन्सि प्रा ली | १९९२४१६ | १९९२४१६ | १९९२४१६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गा पा बिकासको आवधिक योजना निर्माण | १४७६४१८ | | ३ | डेलकन इण्टरनेशनल प्रा ली | १४६३३५० | १४६३३५० | १४६३३५० |
| गाउपालिकाको भु उपयोग क्षेत्र बर्गिकरण | १४९१६०० | | ४ | भुगोल इन्जिनियरिगं कन्सल्टेण्ट | १४८५९५० | १४८५९५० | १४८५९५० |
| जम्मा | ४९६४९३० | | | | ४९४१७१६ | ४९४१७१६ | ४९४१७१६ |

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाखसम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिक्रित परामर्शदाताहरु मध्येबाट इबिड मार्फत प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त ३ वटा कार्यको लागि लागत अनुमान स्वीक्रित गरेकोमा कार्यालयबाट पत्रलेखि परामर्शदाताहरुसंग आर्थिक र प्राविधिक प्रस्ताव शिल्डबन्दि हार्डकपिको रुपमा माग गरी प्रथम घटी कवोल गर्ने प्रस्तावहरु क्रमश ०.२२%,०.८८% र ०.३८% घटी कवोल अंकका प्रस्तावहरु संग न्युन प्रतिशत घटीदरको कवोल अकमा सम्झौता गरेर कार्य गराएको जनाइ भुक्तानी गरेको छ । यसरी गराएको कार्यमा स्वच्छ प्रतिस्पर्धा नभइ न्युन प्रतिस्पर्धामा सम्झौता गरीएको देखिन्छ । इ बिडिगं मार्फत स्वच्छ प्रतिस्पर्धा गराइ आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता छनौट गरेर कानुनको पुर्ण पालना गरी कार्य गराउनु पर्दछ ।
(ख) यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३

३३.१ **कार्य स्वीकार प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि मात्र सार्वजनिक निकायले सोको अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख रहेको छ ।कार्यालयले योवर्ष निर्माण कार्य सम्पन्न गरेको जनाइ

देहायका ठेक्का सम्झौताको अन्तिम बिलको भुक्तानी समेत गरेको देखियो । तर उक्त निर्माण कार्यहरुको कार्य स्वीकार प्रतिवेदन तयार गरेको र लेखापरीक्षणमा पेश हुन आएको नदेखिएको हुदा पेश हुनु पर्ने रु

| खरिदको बिबरण | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| अक्षते धिमीकरिना हुदै वडा कार्यालय भवन जोड्ने बाटो निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | ५०१८५९५ | ४९९७५३४ | ४९३८७११ | कार्य स्वीकार प्रतिवेदन तयार नगरेको |
| अक्षते चोक देखि तंग्राम जोड्ने बाटो निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | ५०३५७६० | ४९९९३०१ | ५०००००० | |
| दुडिया लमागीं धार धाम्जा देउराली सडक निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | १९८५६६८ | १९७९६७४ | १९५२५०३ | |
| | जम्मा | | | ११८९१२१४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,९१,२९४ |

३३.२ **खरिद टुक्राएको –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले योवर्ष देहायका बिभिन्न बिद्दालय तथा क्षेत्रमा कम्प्युटर, ल्यापटप लगायतका शैक्षिक सामाग्री र एम्वुलेन्सका सामाग्री, कृषकका सामानहरु आदि खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम टुक्राटुक्रा बनाइ सोझै र ३ वटा दररेट लिएर रु ४८४६३९३। रकमको खरिद गरेको देखियो ।यसबाट एकातर्फ कानुनको उल्लघंन हुन गएको छ भने अर्को तर्फ खरिद कार्य मितव्ययी भयो भन्न सकिने देखिएन। यसप्रकार गरेको खर्चलाइ नियमित भन्न मिल्ने नदेखिएको रु

| योजनाको नाम | सम्झौता रकम | मूल्याङ्कन रकम | भुक्तानी रकम | जनसहभागिता |
|---|---|---|---|---|
| अमर मा.वि. फर्निचर खरिद | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| विज्ञान प्रयोगशाला नारायणी मा.वी। | 715000.00 | 715000.00 | 650000.00 | 65000.00 |
| शैक्षिक सामाग्री तथा कम्प्युटर , प्रिन्टर खरिद चन्द्र आ.वि. | 330000.00 | 330000.00 | 300000.00 | 30000.00 |
| गणतन्त्र प्रा वि शौक्षिक सामग्री खरिद | 110000.00 | 110000.00 | 100000.00 | 10000.00 |
| वडा कार्यालय सि सि क्यामेरा, डिजिटल वोर्ड | 215000.00 | 215000.00 | 215000.00 | 0.00 |
| तङ्ग्राम स्वास्थ्य चौकि फर्निचर व्यवस्थापन | 150000.00 | 150000.00 | 150000.00 | 0.00 |
| नारायणी मा.वि कम्प्युर तथा प्रोजेक्टर जडान | 550000.00 | 550000.00 | 500000.00 | 50000.00 |
| धारा मा.वि. फर्निचर व्यवस्थापन | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| पशुपति प्रा.वि. ICT व्यवस्थापान | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| निर्मल प्रा.वि. कम्प्युटर खरिद तथा व्यवस्थापन | 110000.00 | 110000.00 | 100000.00 | 10000.00 |
| एम्बुलेन्स व्यवस्थापन र स्वास्थ्य सामाग्री खरिद | 300000.00 | 300000.00 | 300000.00 | 0.00 |
| कृषकका लागि कृषि यान्त्रिकरण कार्यक्रम | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |

| | | | | |
|---|---|---|---|---|
| कृषकका लागि पलास्टिक टनेल नेट जालि कार्यक्रम | 1200000.00 | 1081393.00 | 481393.00 | 600000.00 |
| जनता मा.वि. साईन्ट ल्याव | 440000.00 | 440000.00 | 400000.00 | 40000.00 |
| करेसावारी तथा सिचाई पाईप खरिद योजना | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| धिमि करिना मा.वि. पुस्ताकालय व्यवस्थापन | 715000.00 | 715000.00 | 650000.00 | 65000.00 |
| जम्मा | 5935000 | 5816393 | 4846393 | 970000 |

| | |
|---|---|
| अनियमित भएको | ४८,४६,३९३ |

३३.३ **औषधीको सदुपयोग-** आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरु मध्ये निम्नानुसार रु३७१०६४। रकम बराबरको ३६ किसिमका बिभिन्न परिमाणका औषधीहरु यो आ व २०७९।८० को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये केहिको मुल्य खुलेको र केहिको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रीजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरीनुपर्ने रु

| **सि.नं.** | **सामानको नाम र कोड नं.** | **बाँकी मध्ये पालिकामा बाँकी मौज्दात** | | **बाँकी मध्ये पालिकामा र स्वास्थ्य संस्थामा म्यादसमाप्त भएको मौज्दात** | |
|---|---|---|---|---|---|
| | | **परिमाण** | **रकम** | **परिमाण** | **रकम** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Paracetamol Tab. | 20000 | 17000 | 20000 | 17000 |
| २ | Paracetamol Syrp. | 100 | 2600 | 100 | 2600 |
| ३ | Ibuprofen 400mg. | 3000 | 5400 | 3000 | 5400 |
| ४ | Chlorpheniramine Tablet | 3000 | 3000 | 3000 | 3000 |
| ५ | Cetirizine HCl Tablet | 10000 | 25000 | 10000 | 25000 |
| ६ | Cetirizine HCl Syrup | 100 | 3500 | 100 | 3500 |
| ७ | Metronidazole Tablet | 2000 | 7000 | 2000 | 7000 |
| ८ | Tinidazole 500 mg Tablet | 1000 | 4400 | 1000 | 4400 |
| ९ | Amoxycilin 250mg | 16000 | 78400 | 16000 | 78400 |
| १० | Amoxycilin 500mg | 12000 | 81600 | 12000 | 81600 |
| ११ | Gentamycin e\e drop | 1100 | 22000 | 1100 | 22000 |
| १२ | Ciprofloxacin 250mg | 5000 | 15000 | 5000 | 15000 |
| १३ | Ciprofloxacin 500mg | 2000 | 12000 | 2000 | 12000 |
| १४ | Chloramphenicol Applicap | 500 | 500 | 500 | 500 |
| १५ | Sulfamethoxazole + Trimethoprim 480 mg | 2000 | 6000 | 2000 | 6000 |
| १६ | Sulfamethoxazole + Trimethoprim 960mg | 2000 | 9000 | 2000 | 9000 |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | Doxycycline | 1000 | 6000 | 1000 | 6000 |
| १८ | Azithromycin 250 mg | 250 | 4000 | 250 | 4000 |
| १९ | Azithromycin 500mg | 200 | 3800 | 200 | 3800 |
| २० | Fluconazole Tablet | 100 | 2400 | 100 | 2400 |
| २१ | Vitamin B complex | 2000 | 5800 | 2000 | 5800 |
| २२ | Povidone Iodine | 10 | 3200 | 10 | 3200 |
| २३ | Gamma benzene hexachloride | 50 | 4000 | 50 | 4000 |
| २४ | Aluminium hydroxide + Mag. hydroxide | 1000 | 2000 | 1000 | 2000 |
| २५ | Ranitidine Tablet | 5000 | 10000 | 5000 | 10000 |
| २६ | Hyoscine butylbromide 10mg | 100 | 430 | 100 | 430 |
| २७ | Amlodipine Tablet | 3000 | 14700 | 3000 | 14700 |
| २८ | Metformin | 1000 | 2000 | 1000 | 2000 |
| २९ | Gauze than | 10 | 0 | 10 | 0 |
| ३० | Bandage | 10 | 3900 | 10 | 3900 |
| ३१ | Adhesive Tape | 10 | 2500 | 10 | 2500 |
| ३२ | Absorbant Cotton | 10 | 2900 | 10 | 2900 |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | Rectified spirit | 5 | 1000 | 5 | 1000 |
| ३४ | Oral Rehydration Salt Powder | 200 | 1500 | 200 | 1500 |
| ३५ | Depo injectiion | 50 | 33.5 | 50 | 33.5 |
| ३६ | Ferrous Sulphate 60mg+Folic Acid 0.4 mg Tablet | 10000 | 8500 | 10000 | 8500 |
| | Total | | 371064 | | 371064 |

त्यसैगरी यसप्रकार खरिद गरेर वा अन्य निकायबाट योवर्ष प्राप्त हुन आएका औषधि तथा सर्जिकल सामानहरु मध्ये बिभिन्न आइटमका धेरै परिमाण र मुल्यका औषधि तथा सर्जिकल सामानहरु आर्थिक वर्षको अन्त्यसम्ममा पनि मातहतका स्वास्थ्य चौकी तथा संस्थाहरुमा नपठाइ पालिकाको जिन्सी खातामा मौज्दात राखि राखेको व्यहोरा प्राप्त बिबरणबाट देखिन आयो । यसप्रकार समयमै मातहतका सम्वन्धित निकायमा नपठाइ पालिकामै थन्काएर राखि राखेबाट थप औषधि तथा सर्जिकल सामानहरु समेत म्याद सकिइ प्रयोजन बिहिन हुनसक्ने तर्फ सम्वन्धित निकाय तथा पदाधिकारीहरुको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

| | |
|---|---|
| अनियमित भएको | ३,७१,०६४ |

३३.४ **नवप्रवर्तनकारी साझेदारी कार्यक्रमः** गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगत यस गाउँपालिका स्थित ५७४३ घरपरिवारमा चट्याङ प्रतिरोधी प्रणाली जडान गर्ने प्रयोजनको लागि गण्डकी प्रदेश मुख्यमन्त्रिको कार्यालय र यस पालिका विच रु २ करोड १५ लाखको सम्झौता मिति २०७९।८।१४ मा भएको छ।सम्झौता रकम मध्ये पालिकाले रु ६५ लाख र गण्डकी प्रदेश मुख्यमन्त्रिको कार्यालयबाट प्राप्त अनुदान सहयोगबाट रु १ करोड ५० लाख लागत खर्च वेहोर्ने गरी सम्झौतामा उल्लेख भएकोमा यो वर्ष डिपिआर अध्ययन वापत रु १९,९२,४१६ र यन्त्र तथा उपकरण खरिद र जडान कार्य गरेवापत रु १,७२,३०,२९३ समेत जम्मा रु १,९२,२२,७०९ खर्च भएको देखियो।यसमा देखिएका व्यहोरा निम्न छन।

(क) पालिका र मुख्यमन्त्री कार्यालय बिच भएको रु २ करोड १५ लाखको सम्झौता मध्ये यन्त्र तथा उपकरण खरिदको लागि ७ आइटममा रु १ करोड ४४ लाख र निर्माण तथा जडान कार्यको लागि १६ लाख समेत रु १ करोड ६० लाखको वजेट छुट्याइएको छ।तर पालिकाले उक्त कार्यको लागि रु १,८९,२५,०३६ को लागत अनुमान स्वीकृत गरी ठेक्का व्यवस्थापन मार्फत Nexzen IT Solutions Pvt Ltd सँग रु १,८६,२७,२४७ को ठेक्का सम्झौता गरी कार्य गराइएकोमा निजलाइ अन्तिम विल समेत जम्मा रु १,७२,३०,२९३ भुक्तानी दिएको छ।यस प्रकार मुख्य मन्त्री कार्यालयसंग भएको सम्झौता रकम र स्वीकृत कार्यक्रम रकम भन्दा बढी हुनेगरी लागत अनुमान बनाइ स्वीकृत गर्नु र उक्त सम्झौता रकम र स्वीकृत कार्यक्रम रकम भन्दा बढी हुनेगरी रकम भुक्तानी गरेको कार्यलाइ कानुनसम्मत भन्न मिल्ने नदेखिएकोले अनियमित भएको रु...

(ख) यस पालिकाका२२७३२ जनाको ५७४३ घरपरिवारमा प्रत्यक्ष लाभ पुग्ने गरी Installation of lightening Protection System (lightening Arrester) चट्याङ प्रतिरोधी प्रणाली जडान गर्ने भनी पालिका र मुख्यमन्त्रिको कार्यालय विच सम्झौता भएको छ।तर उक्त जडान कार्यको ठेक्का सम्झौता गर्ने ठेकेदारले यस पालिकास्थित ४१ स्वास्थ्य संस्था र ११३ वटा विद्यालयका ब्लकहरुमा उक्त यन्त्र उपकरण तथा प्रविधि जडान गरेको जनाइ सम्झौताको अन्तिम विल भुक्तानी लिएको देखियो।यस प्रकार गरेको कार्यबाट उपरोक्त सम्झौतामा उल्लेखित लक्ष्य प्राप्त भए नभएको सम्बन्धमा एकिन हुन नआएकोले यथार्थता यकिन गरिनुपर्छ।

(ग) उक्त चट्याङ प्रतिरोधी प्रणाली जडान कार्यको लागि गरिएको डिपीआर अध्ययन कार्यमा हार्डकपी सिलबन्दी दरभाउपत्रको विधिवाट परामर्शदाता हेवाइल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि सँग रु १९,९२,४१६ को परामर्श सेवा सम्झौतामा २०७९।९।१८ मा भइ ड्राफ्ट रिपोर्ट सम्झौताको ४५ दिनभित्र र अन्तिम रिपोर्ट सम्झौताको ६० दिन भित्र पेश गर्नुपर्ने गरी तोकिएको छ।तर निज परामर्शदाताले ड्राफ्ट रिपोर्ट करिव २ महिना पछि २०७९।११।१६ मा र अन्तिम रिपोर्ट २०७९।१२।२३ मा भुक्तानी देखिएकोले ढिला अवधि करिव ३७ दिनको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रु ३६८६०। निज परामर्शदाताबाट असुल गर्नुपर्ने रु...

(घ) उक्त परामर्शदाताबाट डिपिआर अध्ययनको अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात सोही आधारमा यन्त्र उपकरण खरिद र जडान कार्यको लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र तत्पश्चात वोलपत्रको प्रकृयामा सुरु गर्नुपर्नेमा सो बमोजिम नगरी निज परामर्शदाताले मिति २०७९।११।१६ मा पेश गरेको ड्राफ्ट प्रतिवेदनकै आधारमा सोही दिन उक्त यन्त्र उपकरण खरिद तथा जडान कार्यको लागत अनुमान तयारी र स्वीकृत गरेको देखियो।यस प्रकार गरेको कार्य यथार्थ, भरपर्दो र विश्वसनिय भयो भन्न मिल्ने देखिदैन।

| | |
|---|---|
| अनियमित भएको | १२,६७,१५३ |

३३.५ **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले योवर्ष शिक्षा तथा उर्जा तर्फ देहायका बिभिन्न बिद्यालयहरुमा ICT LAB निर्माणका कम्प्युटर, ल्यापटप लगायतका सामाग्री र सोलार व्याकअफ सिस्टमका सामानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम टुक्राटुक्रा बनाइ सोझै र ३ वटा दररेट लिएर रु ३३३८९२४। रकमको खरिद गरेको देखियो । यसबाट कानुनको उल्लघंन हुन गएको छ भने खरिद कार्य मितव्ययी भयो भन्न सकिने देखिएन ।

| भौ नं।मिति | खरिद बिबरण | आपुर्तिकर्ता | खरिद गर्ने निकाय | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४५।०८०।३।८ | ल्यापटप,कम्प्युटर लगायतका सामाग्री | न्यु कम्प्युटर बजार | लक्ष्मी मा वि | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | खरिद तथा बिक्री केन्द्र | | |
| ३७।०८०।१।२६ | ल्यापटप,कम्प्युटर<br><br>लगायतका सामाग्री | थापा कम्प्युटर | धारा मा वि | ६०४८४० |
| ४८।०८०।३।१२ | ल्यापटप,कम्प्युटर<br><br>लगायतका सामाग्री | सगरमाथा इन्क हाउस एण्ड कम्प्युटर सोलुसन | रेशनुनथला मा वि | ६५०००० |
| ४९।०८०।३।१५ | ल्यापटप,कम्प्युटर<br><br>लगायतका सामाग्री | सगरमाथा इन्क हाउस<br><br>एण्डकम्प्युटर सोलुसन | सरास्वती प्रा वि रेश | ६४८००० |
| ६१।०८०।३।२० | सोलार व्याकअफ सिस्टम<br><br>खरिद र जडान | एजी पावर सप्लायर्स | वडा नं ४ र ६का<br><br>लागि कार्यालयले | ७८६०८४ |
| | | जम्मा | | ३३३८९२४ |

सैद्धान्तिक बेरुजु

३३.६ खरिद टुक्राएको – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले योवर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम रु २८४७३२९।रकमको सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार गरेका खरिदहरुमा स्वीक्रित लागत अनुमान भन्दा शुन्य प्रतिशत घटी दरमा खरिद गरेको देखियो । यसरी टुक्रा गरेर खरिद कार्य गर्दा सोझै वा दरभाउपत्रबाट गरिएको खरिदमा बढी लागत पर्न गइ कार्यालयलाइ

थप व्ययभार पर्न जानुको साथै उक्त कानुनको समेत उल्लघंन हुन पुगेको देखिन्छ । यसप्रकार गरेको खर्चलाइ नियमित भन्न मिल्ने नदेखिएको रु

| सि.नं. | खरिद विवरण | लागत अनुमान रु | खरिद विधि | प्रस्ताव संख्या | आपूर्तिकर्ता | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| 1 | औषधि तथा सर्जिकल सामान | 500000 | कोटेशन | 3 | श्रीकृष्ण मेडिको कन्सर्न बागलुङ | 498998 | 498998 |
| 2 | औषधि तथा सर्जिकल सामान | 550000 | कोटेशन | 3 | हिमालयन मेडिसिन डिस्ट्रिव्युटर्स, | 550000 | 504273 |
| 3 | औषधि तथा सर्जिकल सामान | 200000 | सिधै खरिद | | श्रीकृष्ण मेडिको कन्सर्न बागलुङ | 200000 | 155280 |
| 4 | औषधि तथा सर्जिकल सामान | 550000 | कोटेशन | 3 | हिमालयन मेडिसिन डिस्ट्रिव्युटर्स, | 550000 | ५०४२७३ |
| 5 | औषधि तथा सर्जिकल सामान | 500000 | कोटेशन | 3 | श्रीकृष्ण मेडिको कन्सर्न बागलुङ | 500000 | 396110 |
| 6 | सर्जिकल सामाग्री | 500000 | कोटेशन | 3 | जैमिनी मल्टी ट्रेडर्स प्रा.लि. | 389895 | 389895 |
| ७ | ILR मेसिन | ४००००० | सोझै | | गिताश्विनी प्रोमेड प्रा ली | ३९८५०० | ३९८५०० |
| | जम्मा | | | | | २८४७३२९ | २८४७३२९ |

| | |
|---|---|
| अनियमित भएको | २८,४७,३२९ |

३४

३४.१ **आर्थिक सहायता –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. २४३०००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| 27 2079.05.21 | भुमिराज खडका सुशिला किसान | 8000 |
| 168 2079.09.06 | रुद्र ब सार्की | 5000 |
| 169 2079.09.06 | आर्थिक सहायता रकम बांडन पेश्की दिएको । | 113000 |
| 224 2079.11.14 | हर्क ब थापा | 5000 |
| 226 2079.11.14 | रेशन थापा मगर | 20000 |
| 287 2079.12.08 | लछुमान सुनार | 4000 |
| 299 2079.12.20 | लिल ब दमाइ | 5000 |
| 301 2079.12.21 | दल ब सुनार | 6000 |
| 305 2079.12.24 | सुस्ते दमै | 5000 |
| 318 2080.1.18 | सुदरसन बि क | 5000 |
| 339 2080.1.27 | सुसल किसान | 5000 |
| 353 2080.2.11 | कैशिला बि क | 10000 |

| | | |
|---|---|---|
| 409 2080.3.17 | दिप ब घर्ती | 5000 |
| 420 2080.3.20 | लिला बि क | 10000 |
| 426 2080.3.21 | कुमारी सुनार | 25000 |
| 443 2080.3.22 | कुल ब थापा | 7000 |
| 443 2080.3.22 | कुलमान बि क | 5000 |
| | जम्मा | =SUM(ABOVE) 243000 |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४.२ **उपभोक्ता समितिबाट गराएको कामः** कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ३१८ वटा उपभोक्ता समिति तथा लाभग्राही समुहबाट रु १४०८१९०४५। को सम्झौता गरी कार्य गराएकोमा रु.१७८४७३८५। को कार्य जनसहभागिताबाट गराइ बाकी रु.१२२६८६३२०। पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ । उक्त कारोवारको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

**१.** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र यस पालिकाको खरिद नियमावली,२०७८ तथा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

**२. भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न

राख्ने र उपभोक्ता समितिको सिफारिस तथा केहीमा मात्र सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । त्यसैगरी कतिपय योजनाहरुमा वडास्तरिय अनुगमन समितिको सिफारिस समेत संलग्न रहेको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समिति वा लाभग्राही समुहहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

**३. कामको नापजाच र हस्तान्तरण** ०ः उपभोक्ता समिति लाभग्राही समुहबाट गरिएका कतिपय कार्यहरुमा स्वीकृत लागत अनुमानसन्ग बराबर नै हुनेगरी वा केहीमा धेरैनै फरक पार्नेगरी नापी किताव, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण राख्ने गरेबाट कामको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।

**४. जनश्रमदान र लागत सहभागिता** ०ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । पालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा शुन्य देखि १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको देखियो । स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्ने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने र अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने प्रावधानको पुर्ण पालना गर्दै उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नु पर्दछ ।

**५. सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु लगायत भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनुवाई गरेको भएपनि सार्वजानिक सुनुवाई बिस्त्रित रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख

अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**६. उपभोक्ता समितिको म्यादथप –** सावर्वजनिक खरिद ऐन र नियमावलीमा उपभोक्ता समितिले सम्झौतामा तोकिएको अवधिमै तोकिएको कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । उक्त ऐन तथा नियमावलीमा उपभोक्ता समितिको सम्झौता अवधिको म्यादथप गर्ने सम्वन्धमा उल्लेख भएको देखिदैन । कायार्यलयले गतवर्ष र यो वर्षको बिभिन्न मितिमा सम्झौता गरी कार्य गराएका मध्ये कतिपय उपभोक्ता समिति वा लाभग्राही समुहले सम्झौतामा तोकिए बमोजिमको अबवधिमा तोकिएको कार्य सम्पन्न नगरी ढिलागरी कार्य गरेको समेत देखियो । यसरी समयमै काम सम्पन्न नगर्ने उपभोक्ता समितिले म्यादथपको लागि निवेदन दिएको र कार्यालयले म्यादथप गरेको अवस्था देखिएन । कानुनमा भएको व्यवस्था र सम्झौतामा उल्लेखित समयावधि भित्र कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाइ कानुन बमोजिम कार्वाही गरिनु पर्दछ ।

**७. अनुगमन समिति** ०ः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा पालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले केहि सिमित योजनाहरुको हकमा मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी पालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**८. तेश्रो पक्षबाट कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उक्त उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

**९. हेभी इक्विपमेण्टको प्रयोग** ०ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो निर्माण गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसकाकेही उदाहरणहरु यसप्रकार रहेका छन ।

१.वडा कार्यालयवाट तिन कुने मनाङ जोड्ने मो वा

२.मगरथर नेटास्वारा सम्मको मो वा

३.आरीमपाटा छहराखोला दामगाडे मो वा

४.दिवारी ठूलोगाउ हुदै थारागाउ मो वा

५.कर्त्ता चौपारी डाडा हुदै दुवारा मो वा

**१०. समिततिलाई हस्तान्तरण -** खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोता समितिले तोकिएको कार्य कार्य सम्पन्न गरेपछि सोको रेखदेख मर्मत सम्भार स्वामित्व समेत तोकी आयोजनाको स्वामित्व र उपभोक्ता समितति

लाई नै हस्तान्तरण गर्नु पर्ने र मर्मत सम्भारको जिम्मा उपभोक्ता दिनु पर्ने कानुनी व्यवस्था भएकोमा भएको देखिएन ।

निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गर्दा वा कार्यसम्पन्न प्रतिवदेन तयार गर्दा रेट एनलाईसिस समेत संगै राखी तयार गर्नु पर्नेका साथै निर्माण कामको स्पस्ट र विस्तृत नापी विवरण काम गर्ने स्थान चेनेज आदि समेत प्रष्ट खुलाइ कार्यसम्पन्न हुनु पर्ने व्यवस्था अनुरुप गर्नुपर्दछ ।

**११. गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

**१२ .जटिल प्रकृतीको कार्य उपभोक्ता समितिबाट गराएको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले फ्रेम स्ट्रक्चर सहितका सडक, कल्भर्ट, भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको प्राप्त बिबरण बिश्लेषण मध्ये रु ५ लाख भन्दा बढी लागत रहेका देहाय बमोजिम रु ५७२१४२९८। लागत अनुमान भइ सम्झौता भएका ३३ आयोजनाहरुमा रु ५५२४०१३७। रकमको कार्य गराइएकोमा रु ४३३६८२८। रकम बराबरको कार्य जनसहभागिताबाट गरी रु ५०६२१७२३। रकम कामको उपभोक्ता समितिलाइ भुक्तानी भएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ । यसको बिबरण अनुसुची १ मा रहेको छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ३४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४.३ **खरिदको प्याकेज–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु१० लाखभन्दा माथि रु २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष ९३ आपुर्तिकर्तासंग जिन्सी तथा कार्यक्रम संचालन गर्न रु १६८२९४९०। रकम बराबरको बिभिन्न बस्तु, तथा सामाग्री सोझै तथा खुला दररेटबाट खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४.४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी

योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसार ३३ वटा भुक्तानी भौचरबाट रु ६१२६९८८। रकमको लागत अनुमान तयार गरी पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ७१३६४०३। बराबरको कार्य भएको जनाइ रु ६४४५४१५। भुक्तानी दिइ खर्च जनाएको पाईयो ।उदाहरणको लागी पुजीगत खर्च शिर्षक अन्तरगतका केही गौ भौ नं लाइ परीक्षण गरी हेर्दा निम्नानुसार देखियो। यस्तो खर्चबाट उत्पादनमा बढोत्तरी नहुनुको सथै रोजगारी श्रीजना नहुने र पूंजीब्रिद्दीमा समेत सहयोग नभइ बितरणमुखि खर्चमा पश्रय हुनजाने देखिदा यसप्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। यसप्रकार गरेको खर्चलाइ नियमसम्मत भन्न मिल्ने नदेखिएको रु

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

| योजनाको नाम | सम्झौता रकम | मूल्याङ्कन रकम | भुक्तानी रकम | जनसहभागिता |
|---|---|---|---|---|
| नबबिहानि आमा समुह | 237238.49 | 237238.49 | 200000.00 | 37238.49 |
| सरोकार वालाहरू संग छलफल क्षेमता विकास | 165000.00 | 165000.00 | 165000.00 | 0.00 |
| पाला स्वास्थ्य चौकी व्यवस्थापन | 50000.00 | 50000.00 | 50000.00 | 0.00 |
| विपद ब्यबस्थापन | 165000.00 | 165000.00 | 150000.00 | 15000.00 |
| पशु शिविर कार्यक्रम | 129000.00 | 129000.00 | 129000.00 | 0.00 |
| नेपाल स्काउट काठेखोला | 55000.00 | 55000.00 | 50000.00 | 5000.00 |
| वडा डकुमेनट्री निर्माण | 100000.00 | 100000.00 | 100000.00 | 0.00 |
| वडा कार्यालय व्यवस्थापन | 250000.00 | 250000.00 | 250000.00 | 0.00 |
| खेलकुद कार्यक्रम | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| आमा समुह तथा स्वयम सेविका सामाग्री वितरण कार्यक्रम | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |

| | | | | |
|---|---|---|---|---|
| खेलाडी प्रोत्साहन तथा खेलकुद सामाग्री खरिद योजना | 165000.00 | 165000.00 | 150000.00 | 15000.00 |
| वडा कार्यलय व्यवस्थापन र सुचना केन्द्र सञ्चालन | 100000.00 | 100000.00 | 100000.00 | 0.00 |
| वेल ढुङ्गा सोर्गाआश्रम पर्यटन उत्सव | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| लोक सेवा तयारी कक्षा | 200000.00 | 200000.00 | 200000.00 | 0.00 |
| विपद व्यवस्थापन | 220000.00 | 167310.00 | 147310.00 | 20000.00 |
| महिला स्वयमसेविका अध्ययन अवलोकन भर्मण | 150000.00 | 150000.00 | 150000.00 | 0.00 |
| जुडो कराते म्याट खरिद योजना | 220000.00 | 220000.00 | 200000.00 | 20000.00 |
| झाडि जंगल व्यवस्थापन | 200000.00 | 200000.00 | 100000.00 | 100000.00 |
| मेला पर्व संस्कृति संरक्षण | 110000.00 | 110000.00 | 100000.00 | 10000.00 |
| विपद व्यवस्थापन | 110000.00 | 109867.00 | 99867.00 | 10000.00 |
| सहकारी प्रवर्धन लेखा तथा अभिलेखिकरण कार्यक्रम | 100000.00 | 95300.00 | 95300.00 | 0.00 |
| दुवैकोटको आन्तरिक व्यवस्थापन | 49750.00 | 47750.00 | 38000.00 | 9750.00 |
| वडा कार्यालय व्यवस्थापन | 102000.00 | 101200.00 | 101200.00 | 0.00 |
| विहुँ स्वास्थ्य चौकि व्यवस्थापन | 50000.00 | 50000.00 | 50000.00 | 0.00 |
| झाडि तथा रूख कटानी | 600000.00 | 600000.00 | 300000.00 | 300000.00 |

| | | | | |
|---|---|---|---|---|
| कोट पुजा व्यवस्थापन | 110000.00 | 110000.00 | 100000.00 | 10000.00 |
| जेष्ठ जन जाति अपाङ्ग प्रोत्साहन | 150000.00 | 150000.00 | 150000.00 | 0.00 |
| मजदुर तथा विपन्न सहयोग कार्यक्रम | 500000.00 | 500000.00 | 450000.00 | 50000.00 |
| सगन अनुगमन तथा सन्चार माध्यम | 150000.00 | 107064.00 | 107064.00 | 0.00 |
| वडा कार्यलय व्यवस्थापन | 304000.00 | 300000.00 | 296000.00 | 4000.00 |
| युवा युवतिको लागि सचेतना कार्यक्रम | 350000.00 | 240480.00 | 240480.00 | 0.00 |
| टोल सुधार तथा सरोकार वाला संग अन्तरक्रिया कार्यक्रम | 275000.00 | 1503174.00 | 1478174.00 | 25000.00 |
| सरोकारवाला संग अन्तरक्रिया तथा क्यालेण्डर प्रकाशन | 100000.00 | 98020.00 | 98020.00 | 0.00 |
| जम्मा | 6126988.49 | 7136403.49 | 6445415 | 690988.49 |

| | |
|---|---|
| अनियमित भएको | ६४,४५,४१५ |

३५ **असूल गर्नुपर्ने**

**कर कट्टी-** आएकर ऐन २०५८ को दफा ८८ अनुसार तपसिल बमोजिमको योजना तथा कार्यक्रममा भुत्तानी दिदा भुक्तानीमा अग्रिम करकट्टी गरेको नदेखिदा देहाय वमोजिम असुल गरि सम्वन्धि राजश्व खातामा दाखिला गर्नु पर्ने रकम रु

| गेभै.न | मिति | योजनाको नाम | करविवरण | असुल गर्नु पर्ने |
|---|---|---|---|---|
| ११७ | ०७९।११।०३ | मनाङ मो वा | वहाल कर | ८००।– |
| १४४ | ०७९।११।१७ | भिमसेना मा वि सभा हल निमार्ण | वहाल कर | ९४९७।– |

| | | | | |
|---|---|---|---|---|
| १४७ | ०७९।११।१७ | रोटेपानी उखुवारी भल व्यवस्थापन | वहाल कर | १५२१।- |
| १४८ | ०७९।११।१७ | जुकेपानी सोलीङ निमार्ण | वहाल कर | ७५००।- |
| २०० | ०७९।१२।०७ | रेश नुन्थला मा वि विद्यालय व्यवस्थापन | बहाल कर | ३८५०।- |
| २११ | ०७९।१२।१२ | अम्भुरे डाडा गोरेटो वाटो निर्माण काठेखोला २ | वहाल कर | ७६२०।- |
| १९७ | ०७९।११।०६ | महिलाको पाठेघर जाच सम्वन्धि कार्यक्रम | पारीश्रमिक कर | ११३८।- |
| २२० | ०७९।१२।१४ | वडा कार्यालय वाट तिनकुने मनाङ जाने मो वा | वहाल कर | २९३४।- |
| २४१ | ०७९।१२।२० | वडा न २ चरिया वस्ती देखि नाकेधारा सम्मको पद मार्ग | वहाल कर | ७१५२।- |
| २९४ | ०८०।०१।०६ | पाठ्यपुस्तक अभिमुखिकरण कार्यक्रम भुक्तानी | पारीश्रमिक कर | १०३२।- |
| २९५ | ०७९।०१।०६ | छविसे टुनिबोट सिचाइ योजना भुक्तानी | वहाल कर | १५००।- |
| ५३७ | ०८०।०३।१९ | अमर प्रा वि भवन मर्मत | वहाल कर | ८४६०।- |
| ४८३ | ०८०।०३।१२ | आरिम पाटा दामगाडे सडक स्तरउन्तनी | वहाल कर | १८००।- |
| ५५० | ०८०।०३।१९ | चौतारी डाडा हुदै दुवारा मो वा | वहाल कर | ४४८०। |
| ५५८ | ०८०।०३।२० | दिवारी ठुलो गाउहुदै थारागाउ जोड्ने मो वा काठेखोला ४ | अग्रिम कर | ४४९७।- |
| ५९९ | ०८०।३।२१ | सरस्वती प्रा वि करिना | कर छुट | १७२७६।- |
| ३८४ | ०८०।०२।०५ | वर्लुङ हिले पदमार्ग | अग्रिम कर | ४१८८।- |
| ४१० | ०८०।०२।१९ | दपासा पोखरी निर्माण | कर छुट | ८८२५।- |

| | | | | |
|---|---|---|---|---|
| ३८८ | ०८०।०२।१० | वेलढुङ्गा सामुदायिक होमिस्टे | अग्रिम कर | ७३५५।– |
| ५३ | ०८०।३।१८ | वसन्ताप खोर तार सरक्षण निर्माण | वहाल कर | ५०००।- |
| ४६१ | ०८०।०३।२३ | गैरे वस्त्रालय/रञ्जाना वस्त्रालय | अग्रिम कर | १६३८०।- |
| | | जम्मा | | १२२८०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,८०५ |

३६

३६.१ **अधुरा आयोजना –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारवाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा गतवर्ष देहाय अनुसारका ४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेकोमा योवर्ष समेत काम हुन नसकी अधुरो अवस्थामा रहेको देखियो। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत आएको छ। यसरी सम्झौता गरी कानुन बिपरित वर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको कार्य उपयुक्त देखिएन।

| उपभोक्ता समितिको नाम | कामको विवरण | गतवर्षसम्म भूक्तानी | योवर्ष भएको काम र भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| थानडाडा भ्यूटावर निर्माण | ४ तल्ला सम्म अधुरो अवस्था | ५००००० | ० | हाल अधुरो अवस्थामा रहेको |
| एकपाटा बौर सडक | ४५.७० प्रतिशत मात्र कार्य | ३०६८७५५१ | ० | |
| भीमपोखरा सडक सुधार | ४५.६४ प्रतिशत मात्र कार्य | ५६६२९९ | ० | |
| कोल्डरुम चिस्यान केन्द्र निर्माण | ५.०७ प्रतिशत मात्र कार्य | ८६२२९ | ० | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६.२ **खरिदमा न्युन प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने, दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले योवर्ष गरेका निम्न निर्माण कार्यहरुमा स्वच्छ प्रतिस्पर्धा भए गरेको देखिएन । कतिपय खरिद इबिडिगंको सट्टा हार्डकपि शिल्डदरभाउपत्रबाट समेत प्रस्ताव छनौट गरेको देखियो । यसरी न्युन प्रतिस्पर्धा भएबाट खरिदकार्यमा स्वच्छ प्रतिस्पर्धा भएको अवस्था देखिएन । साथै कानुनको उल्लघंन भएको छैन भन्न सकिने अवस्था देखिएन । यसमा सम्वन्धितको ध्यान गइ यथार्थता यकिनगरिनु पर्दछ साथै खरिद कार्य कानुनसम्मत गरिनु पर्दछ ।यसका केहि उदाहरण निम्न छन् ।

| खरिदको बिबरण | निर्माण व्यव सायीको नाम | लागत अनुमान | खरिद बिधि | प्रस्ताव संख्या | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| अक्षते धिमीकरिना हुदै वडा कार्यालय भवन जोड्ने बाटो निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | ५०१८५९५ | इ बोलपत्र | २ | ०.४२ | ४९३८७११ |
| अक्षते चोक देखि तंग्राम जोड्ने बाटो निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | ५०३५७६० | इ बोलपत्र | ३ | ०.७३ | ५०००००० |
| सायांकोट धनिखोरिया तिङरिङ सडक निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | ९७९५९२१ | इ बोलपत्र | ३ | ५.० | ९३९९९६८ |
| कुकुरकाटे आरिम पाटा पिपलडाडा सडक निर्माण | कार्की सत्यवती कन्स्ट्रक्सन | ५००१३३५ | इ बोलपत्र | २ | ५.० | ४७४०००० |
| पशुशाखा भवन मर्मत र रंगरोगन | कार्की सत्यवती कन्स्ट्रक्सन | ९२६३९३ | सोझै दररेट | ३ | ०.४० | ७००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दुडिया लमागीं धार धाम्जा देउराली सडक निर्माण | कार्की सत्यवती<br><br>कन्स्ट्रक्सन | १९८५६६८ | हार्डकपी शिल्ड दरभाउपत्र | ३ | ०.३१ | १९५२५०३ |
| चट्यागं प्रतिरोधी<br><br>प्रणाली जडान | NexZen IT<br><br>Soiutions pvt ltd | 18925036 | इ बोलपत्र | २ | १.५७ | १७२३०२९३ |
| दोबिल्ला देखि एकपाटे सडक निर्माण | निर्मल कन्ष्ट्रक्सन | ३३६८८२ | सोझै दररेट | ३ | ०.६२ | ३२७४१४ |
| स्यानघारी किम्बोट मुहान संरक्षण र भुक्षय नियन्त्रण | शुबिहान कन्स्ट्रक्सन | ८५७६७३ | सोझै दररेट | ३ | ०.३३ | ७१२५१६ |
| मिनिकिटकृषि सेवा | आधुनिककृषि संसार बागलुङ | 150100 | सोझै दररेट | ३ | 19.6 | 150100 |
| पशुपंक्षि निशुल्क औषधि वितरण | धवलागिरि एग्रो भेट | 299910 | सोझै दररेट | ३ | 3.59 | 299860 |
| मिनिकिट कृषि सेवा | आधुनिक कृषि संसार बागलुङ | 149985 | सोझै दररेट | ३ | 24.79 | 149985 |
| निलोतुथो तथा कृषि चुन | आधुनिक कृषि संसार बागलुङ | 124990 | सोझै दररेट | ३ | 4.05 | 124990 |
| AI Medicine | धवलागिरि एग्रो भेट | 102850 | सोझै दररेट | ३ | 2.11 | 102500 |
| लम्पी स्किन मेडिसिन | धवलागिरि एग्रो भेट | 199870 | सोझै दररेट | ३ | 5.75 | 199870 |
| विषादि खरिद | आधुनिक कृषि संसार बागलुङ | 125000 | सोझै दररेट | ३ | 6.07 | 125000 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मौरिघार | उन्नति मौरी पालन | 200000 | सोझै दररेट | ३ | 4.76 | 200000 |
| हिउदे फलफुल विरूवा | अतिफ एन्जल कृषि तथापशु फर्म | 457950 | सोझै दररेट | ३ | 29.29 | 334967 |
| वर्षे फलफुल | आचार्य जौविक कृषि फर्म | 467050 | सोझै दररेट | ३ | 23.30 | 365878 |
| स्नेटरी प्याड खरिद | पोखरा सेनेटरी प्रडक्ट | 999000 | सोझै दररेट | ३ | 0.50 | 993700 |
| विद्यार्थी होमवर्क डायरी छपाई | आदर्श अपसेट प्रेस | 400000 | सोझै दररेट | ३ | 0.40 | 398325 |

सैद्धान्तिक बेरुजु

३६.३ **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६३, को नियम १२३ मा विल विजकको भुक्तानी प्राविधिक नापजाँच र नापीकितावको आधारमा हुनुपर्ने उल्लेख छ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा रकम खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।अदैनीखानी दोबिल्लाघाट झोलुङ्गे पुल (४० मि), ढुंगेविसौनी लेखानीघाट झोलुंगे पुल (६८ मि.) र भुंदी खोलाघाट झोलुङ्गे पुल (८८ मि) का ३ वटा झोलुङ्गे पुलहरुको निर्माण कार्यको लागि यो वर्ष क्रमश गो. भौ. न. ९,४४ र ६३ बाट रु १३५१८५९।, भौ नं १९ र ६३ बाट रु २०३३७६२। र भौ नं ३४ बाट रु१३६७०६२। सम्वन्धित उपभोक्ता समितिहरुलाइ भुक्तानी भएको छ ।सोदेखि बाहेक उक्त ३ झोलुंगे पुलको लागि चाहिने स्टिल पाट्र्स गतवर्ष खरिद गरेकोमा भुक्तानी बाकी रहेको दायित्व रु १०४७५८५। समेत आपुर्तिकर्ता इण्टरटेक प्रा ली लाइ भौ नं ६ बाट योवर्ष भुक्तानी गरेको छ । उक्त ३ वटा झोलुंगे पुलहरु मध्ये अदैनीखानी दोबिल्लाघाट झोलुङ्गे पुल (४० मि), ढुंगेविसौनी लेखानीघाट झोलुंगे पुल (६८ मि.) गरी २ वटा झोलुंगे पुलहरु योवर्ष सम्पन्न भएको जनाइ कार्य सम्पन्न प्रतिवेदनहरु पेश हुन आएको देखियो । यस प्रकार कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा निर्माण कार्य खरिद सामाग्री र सेवामुलक समेत सम्पूर्ण लागत खर्चको र कामको अवस्था देखिने गरी देहाय बमोजिम क्रमश रु २४२६२२२। र रु ३९८२०३५। को कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा सोको केही अंश निम्नानुसार क्रमश रु १३५८००४। र रु २०६९५९०।को आंशिक खर्च रकमको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएको हुदा उक्त कार्यलाइ कानून सम्मत भन्न मिल्ने देखिदैन।त्यसैगरी स्वीकृत लागत अनुमान र सम्झौता अनुसार झोलुङ्गे पुल निर्माण कार्यको लागत व्यहोर्ने स्रोत अनुसार लागत खर्च कुन कुन स्रोतबाट के कति व्यहोरियो सोको अभिलेख समेत अद्यावधिक गरेको नदेखिदा यकिन हुन सकेन।

| खर्च बिवरण | अदैनीखानी दोबिल्ला | ढुंगेविसौनी लेखानी |
|---|---|---|

| | घाट झोलुङ्गे पुल | घाट झोलुंगे पुल |
|---|---|---|
| नगरपालिका | ३१५४०९ | ५१७६६५ |
| जनसहभागिता | ४८५२४ | ७९६४१ |
| संघीय सरकार | १९२५६२९ | ३१२२१६९ |
| सामाग्री अनुदान सहयोग | १३६६५९ | २६२५६० |
| कुल लागत अनुमान | २४२६२२२ | ३९८२०३५ |
| सुपरीवेक्षक BYC Baglung | 141399 | 231403 |
| सम्झौता अंक (४ पक्षबीच ) | २४२६२२२ | ३९८२०३५ |
| कार्य सम्पन्न प्रतिवेदन | १३५८००४ | २०६९५९० |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३७ असुल गर्नुपर्ने

३७.१ सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२३ मा विल विजकको भुक्तानी प्राविधिक नापजाँच र नापी किताबको आधारमा हुनुपर्ने उल्लेख छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७, को नियम ३९ उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

पालिकाको ठेक्का नं ०४-२०७८।७९ औद्योगिक पुर्वाधार विकास कार्यक्रमका निर्माण व्यवसायी ए ए कन्ष्ट्रक्सनलाइ दोस्रो तथा अन्तिम विलको रकम भुक्तानी हुँदा हालसम्मको जम्मा काम रु ८१६३६९४।१६ (मु. अ. कर र प्रोभिजनल समको रकम बाहेक) मा अघिल्लो तथा प्रथम रनिङ विलको भुक्तानी रकम रु ४७२८४७७।७७ को सट्टा रु ४७१६४२२।५९ घटाएर भुक्तानी भएकोले मु अ कर समेत बढी भुक्तानी हुन गएको रु १३६२३। निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६२३ |

३७.२ पालिकाको ठेक्का नं ०३-२०७९।८० अक्षते धिमि करिना हुदै वडा कार्यालयसम्म जोड्ने सडक निर्माण कार्यका निर्माण व्यवसायी कार्की सत्यवती कन्ष्ट्रक्सन प्रा ली लाइ प्रथम तथा अन्तिम विलको रकम रु ४९३८७११। भुक्तानी हुँदा प्रोभिजनल समको रकम रु ७५०००। समेत भुक्तानी भएको छ । जसमध्ये बिल भर्पाइ र खर्चको प्रमाण बेगर ल्यावटेष्ट वापत भुक्तानी भएको रु २००००। असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

३७.३ अदैनीखानी दोविल्लाघाट झोलुंगे पुल निर्माण कार्यका उपभोक्ता समितिलइ भौ नं ६३ मिति २०८०।३।२० बाट अन्तिम बिलको भुक्तानी रु ५६५६५१। भएको छ । तर ठेक्का बिल अनुसार उक्त निर्माण कार्यमा उपभोक्ताबाट जम्मा काम १३६९२६०। भएको देखियो । तर कार्यसम्पन्न प्रतिवेदनमा जम्मा काम रु १३५८००४। भएको उल्लेख छ। अघिल्लो भुक्तानीसम्मको जम्मा काम तथा भुक्तानी भएको रकम रु ७८६२०९। र जनसहभागिताबाट भएको काम रु ४९६००। लाइ घटाउदा हुने ५३३४५१। मात्र भुक्तानी गर्नुपर्नेमा ठेक्का बिलसंग बढी भुक्तानी हुनगएको रु ३२२००। र कार्य सम्पन्न प्रतिवेदनसंग थप बढी भुक्तानी हुन गएको रकम रु ११२५६। समेत जम्मा बढी भुक्तानी भएको रकम निज उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,५६० |

३७.४ ढुंगेबिसौनीघाट झोलुंगे पुल निर्माण कार्यका उपभोक्ता समितिलइ भौ नं ६३ मिति २०८०।३।२० बाट अन्तिम बिलको भुक्तानी रु ७६१५२०। भएको छ । उक्त निर्माण कार्यमा उपभोक्ताबाट भएको जम्मा काम रु२०६९५९०। मध्ये अघिल्लो भुक्तानीसम्मको जम्मा काम तथा भुक्तानी भएको रकम रु १२४२२४२। र जनसहभागिताबाट भएको काम रु ७८४००। लाइ घटाउदा हुने ७४८९४७। मात्र भुक्तानी गर्नुपर्नेमा रु ७६१५२०। भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी हुन गएको रकम रु १२५७३। निज उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,५७३ |

३७.५ पालिकाको ठेक्का नं ०१-२०७९।८० सांयाकोट धनिखोरिया तिङरिङ सडक निर्माण कार्यका निर्माण व्यवसायी कार्की सत्यवती कन्ष्ट्रक्सन प्रा ली लाइ दोस्रो तथा अन्तिम विलको रकम भुक्तानी हुँदा हालसम्मको जम्मा काम रु ८१६४३४९।(७ प्रतिशत छुट पछि हुने रकम) मा अघिल्लो तथा प्रथम रनिङ विलको भुक्तानी रकम रु ४०९३०११।२३ (मु. अ. कर र प्रोभिजनल सम बाहेक) घटाएर हुने रकम रु ४०७१३३७।७७ मा मु अ कर समेत थप गरी हुने रु ४६००६११।६८ भुक्तानी दिनुपर्नेमा भौ नं १६ र ४९७ मिति २०८०।३।१५ बाट जम्मा रु ४६९९९८४। भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी हुन गएको रु ९९३७२।३१ निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,३७२ |

३७.६ पालिकाको ठेक्का नं ०२-२०७९।८० कुकुरकाटे देखि आदिमपाटा पिपलडाडासम्म जोड्ने सडक निर्माण कार्यका निर्माण व्यवसायी कार्की सत्यवती कन्ष्ट्रक्सन प्रा ली लाइ प्रथम तथा अन्तिम विलको रकम रु ४७४००००।

भुक्तानी हुँदा प्रोभिजनल समको रकम रु ७५०००। समेत भुक्तानी भएको छ । जसमध्ये ल्याब परीक्षण गरेवापत सम्वन्धित प्रयोगशालाको बिल बिजक तथा भर्पाइ र खर्चको प्रमाण पेश गर्नुपर्नेमा उक्त निर्माण व्यवसायी स्वंयको बिजक संलग्न गरेर ल्यावटेष्ट वापतको रकम भुक्तानी भएको देखिएकोले सोवापत भुक्तानी भएको रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २०,००० |
| | | |

३८ **प्रमाण पेश गर्नुपर्ने**

**कर विजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) तथा नियमावली २०५३ को नियम १७ (१) अनुसार मु.अ.करमा दर्ता भएको प्रत्येक फर्म संस्था तथा निर्माण व्यवसायीले तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने उल्लेख छ । यस पालिकाको ठेक्का नं ०१-०७९।८० सांयाकोट धनिखोरिया तिङरिङ सडक निर्माण कार्यका निर्माण व्यवसायी कार्की सत्यवती कन्ष्ट्रक्सन प्रा ली लाइ गौ भौ नं १३ र ३४३ मिति २०८०।०१।२६ बाट प्रथम रनिगं बिल रु ४६९९९८४। भुक्तानी हुदा जारी गरेको बिजक नं ००८ मिति २०८०।१।१५ बाट रु ४२९४३११।५३ रकमको मात्र बिजक जारी गरेको देखियो । यस प्रकार घटी रकम रु ४०५६७२।४७ को हुने मु अ कर रकम रु ४६६७०।२९ नियमानुसार मुल्य अभिबृद्धि कर खातामा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकममा लाग्ने शुल्क र जरीवाना सहित निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ४६,६७० |
| | | |

३९ **गैरसरकारी संस्था मार्फत कार्य**

३९.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाइ सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ८ मा गैरसरकारी संस्थाबाट दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने समेत उल्लेख छ ।

पालिकाले गैरसरकारी संघ संस्था तथा निजी क्षेत्र बीचको सहकार्यमा गरिवी निवारण दीर्घकालीन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरि रोजगारीमूलक उद्यमशील र मर्यादित पशु तथा कृषि व्यवसाय विकास गर्न अन्तराष्ट्रिय गैरसरकारी संस्था हेफर प्रोजेक्टसंग साझेदारी र समन्वयमा कार्यगरी गतवर्ष रु.४७ लाख ३३ हजार ३६९।–र योवर्ष देहाय बमोजिम रु एक करोड समेत जम्मा रु.१ करोड ४७ लाख ३३ हजार ३६९।–खर्च लेखेको बिबरण प्राप्त भएकोमा देखिएका व्यहोरा निम्न बमोजिम छनः

| सि नं | गौ भौ नं।मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | २२९।०७९।१२।१४ | २५८३६७४। | पेश्की फछ्र्यौट रु२५ लाख समेत |
| २ | ४७७।०८०।३।१२ | ५०७३७३२। | पेश्की फछ्र्यौट रु५० लाख समेत |
| ३ | ६६०।०८०।३।२८ | २३४२५९४। | पेश्की फछ्र्यौट रु२३४२५९४।समेत |
| | योवर्षको जम्मा | १ करोड | |

क) पालिकाले हेफर प्रोजेक्ट नेपालसंग २०७८।८।१७ देखि २०८१।३।१६ सम्म परियोजना संचालन गर्न लाग्ने कुल लागत रु.३करोड ७३लाख ३३हजार ३३३। मध्ये कार्यक्रम संचालन गर्दा लाग्ने कुल खर्चलाइ ७५ प्रतिशत मानि सोको हुने रु.२ करोड ८० लाख रकम पालिकाले र उक्त संस्थाको कर्मचारी तथा प्रशासनिक खर्चलाइ २५ प्रतिशत मानि सोको हुन आउने रु.९३लाख ३३हजार ३३३। रकम संस्था आफैले व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकासंग साझेदारी गरेको गैरसरकारी संस्थाले आफ्नो नियमित प्रशासनिक खर्च कर्मचारीको तलव भत्ता र कर्मचारी मार्फत क्षमता अभिवृद्धि तालिम संचालन गर्ने कुरामा साझेदारी गर्ने गरी सम्झौता गरेको छ । जुन साझेदारी रकम खर्च गर्दा प्रशासनिक प्रकृतिको खर्चलाई साझेदारी कार्यक्रमको बजेटबाट खर्च गर्न नपाइने नियमको विपरित हुने देखिन्छ ।यसरी नियम बिपरित गरेको सम्झौतालाइ कानुनसम्मत भएको भन्न मिल्ने देखिदैन ।

(ख) पालिकाले सालबसाली वा बहुवर्षीय रुपमा कार्यक्रम संचालन गर्न सक्ने भएता पनि बजेटको सीमा, सो बजेट खर्च गर्दा अपनाउनु पर्ने खरिद सम्बन्धी कार्यविधि उल्लेख गरेको देखिएन । जसबाट लागत अनुमान स्विकृत गर्नुपर्ने ब्यक्ति र खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद कानुनमा भएका कुनै पनि ब्यवस्थाहरुको पालना नगरी बहुवर्षीय सम्झौता गरी खर्च लेख्नु प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को विपरित छ ।

(ग) यसरी कुनै निश्चित गैरसरकारी संस्थाको कर्मचारीको तलव भत्तालाई साझेदारीको हिस्सा बनाइ खरिद विधि विपरितको सम्झौता गर्नु ऐन नियम अनुकूल देखिदैन । आ.व. २०७९।८० मा रु १ करोड भुक्तानी गरेको मध्ये खर्च भएको रु=९८लाख १६हजार ९२२।- नियम सम्मत देखिदैन । साथै चौमासिक प्रगती प्रतिवेदन, पालिका र सस्था स्वयंले गरेको अनुगमन मूल्यांकन प्रतिवेदन तथा सस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लेखापरीक्षणमा पेश भएको छैन ।यसरी २०७९।८० को नीति तथा कार्यक्रम वेगर योजना तथा कार्यक्रम पेश गरी स्पष्ट आधार तथा मापदण्ड वेगर गरेको उक्त खर्चलाइ नियमित भन्न मिल्ने नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९८,१६,९२२ |

३९.२ (घ) पालिकाले योवर्ष सस्थालाइ रु एक करोड निकासा दिएको मध्ये सस्थाले रु ९८ लाख १६ हजार ९२२। खर्च गरी रु १लाख ८३ हजार ०७८। रकम संस्थामा बाकी रहेको व्यहोरा संस्थाले पेश गरेको खर्च बिबरण फारमबाट देखियो । यसप्रकार खर्च नभइ बाकी रहेको रकम लेखापरीक्षण अवधिसम्म पनि पालिकामा फिर्ता भएको नदेखिएको हुदा संस्थाबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८३,०७८ |

३९.३ (ङ) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ उपनियम (१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यक्ता,किसिम, समयावधि,कामको गुणस्तर,जनशक्ति र कार्य संचालन बिधि सहित कार्य गर्नु गराउनु पर्ने उल्लेख छ । उक्त गैरसरकारी संस्थासंग भएको सम्झौता अनुसार यस पालिकाको ८ वटै वडामा सम्झौता अवधिमा ४०० वटा बाख्रा र बोका खरिदगरी बितरण गर्ने, ६३ वटा कृषक समुहलाइ घांस तथा तरकारीको बिउ खरिद गरी बितरण गर्ने, १८२ वटा खोर तथा भकारो सुधार गर्ने, ५९८ जनालाइ कृषि र भेटनरी सम्वन्धी बिभिन्न सामान उपकरण तथा औजारहरु खरिद गरी बितरण गर्ने, एक संकलन केन्द्र निर्माण तथा एक दुग्ध प्रवर्धन कोष खडा गर्ने, संस्थाका कर्मचारी तथा कृषकहरुलाइ २६६ वटा तालिम संचालन गर्ने र बैंक तथा वित्तिय संस्थासंग ३ वटा बैठक गर्ने गरी उक्त कार्य बिबरणलाइ ४ समुहमा बिभाजन गरेर कार्य गराउने गरी पालिकाले सम्झौता गरेको देखियो। कार्यालयबाट प्राप्त बिबरण अनुसार कृषि शाखामा ६ जना र पशु सेवा शाखामा ५ जना समेत ११ जना सम्वन्धित क्षेत्रका प्राविधिक कर्मचारीहरु कार्यरत रहेको देखिन आयो ।उक्त गैंरसरकारी संस्थासंग गरेको सम्झौताको कार्यबिबरणमा भएका कामहरु कार्यालयका सम्वन्धित शाखाबाट नियमित रुपमा गरिने कार्यहरु रहेको, जटिल र बिशेष योग्यता, ज्ञ्यान र सीप आवश्यक नपर्ने र तालिम लगायत बिषयमा त्यस्तो श्रोत व्यक्ति आवश्यक पर्ने भए कार्यालयले नियमित संचालन गरेका तालिममा सरह श्रोत व्यक्ति हायर गरी चलाउन सकिने अवस्था बिद्दमान रहेको र उक्त अधिकांश कार्यक्रमहरु बितरणमुखि प्रकृतिको समेत रहेको देखियो। यस प्रकार पालिकाले गैरसरकारी संस्था मार्फत सम्झौता गरी गराएको कार्यबाट पालिकालाइ थप व्ययभार पर्न गएको छैन भन्ने अवस्था देखिदैन । तसर्थ यसप्रकार गैरसरकारी संस्थासंग सम्झौता गरी कार्य गराउने जिम्मेवार पदाधिकारी तथा व्यक्तिलाइ कानुन बमोजिम जवाफदेही तुल्याउनु पर्दछ ।

(च) पालिकाले उक्त गैरसरकारी संस्थासंग गरेको सम्झौताको बुदा नं ७.२.९ मा यो परियोजना कार्यान्वयन गर्नको लागि परियोजना प्रस्तावनामा उल्लेख गरीएको स्थानिय साझेदार संस्थासंग सम्झौता गरी कार्य गराउन सकिने उल्लेख रहेको छ। तर सस्थाले यो सम्झौता हुनु भन्दा करिव एक महिना अगाडी नै एक स्थानिय गैरसरकारी संस्था बिवाइसि बागलुगंसंग मिति २०७८ कार्तिक १५ गते नै सम्झौता गरी कार्य गराएको देखियो । यसरी स्थानिय गैरसरकारी संस्थासंग सम्झौता गर्दा उक्त सस्थाले पालिकाबाट स्वीकृती लिएको र पालिकालाइ जानाकारी गराएको समेत देखिन आएन। यसप्रकार गरेको कार्य सार्वजनिक खरिद ऐन र नियम अनुकुल भएको भन्न मिल्ने देखिदैन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **काज सम्बन्धमा**

१५०।२०७९।१०।२९ गण्डकी प्रदेश स्थानिय सेवा (गठन तथा सन्चालन) अध्यादेश, २०७९ को दफा २६(२) अनुसार निर्वाचन, लेखापरीक्षण, तथ्याङ्क् सकलन लगायतका कामका लागि एक पटकका लागि तीन महिना भन्दा बढी कुनै कर्मचारीलाई काज खटाउनु पर्ने भएमा मन्त्रालयले सम्बन्धित स्थानिय तहको सहमति लिई बढीमा एक बर्ष काजमा खटाउन सक्ने छ। यस पालिका अन्तर्गत रहेका लेखानी मा. वि. लेखानीका शिक्षक रमानन्द कडेल मंत्रालयको सहमती वेगर यस पालिकाको शिक्षा शाखामा कार्यरत रहेकोले निजको दरबन्दी बेगर रु.८१४९२०।०० तलब भत्ता यस पालिकाबाट खर्च लेखेकोले नियमसम्त नभएको रु...

| | |
|---|---|
| अनियमित भएको | ८,१४,९२० |

४१ **सरुवा भत्ता**

३०।२०७९।५।२१ भ्रमण खर्च नियमावली २०६४ को नियम ९ बमोजिम एक जिल्लाबाट अर्को जिल्लामा सरुवा भई जाँदा कर्मचारीले दैनिक भत्ता तथा भ्रमण खर्च पाउने व्यवस्था छ। यस पालिकाका प्रमुख प्रशासकिय अधिकृत पूर्ण बहादुर कार्की यस पालिकाबाट मंगला गाउँपालिका म्याग्दी सरुवा भई जाँदा यसै पालिकाबाट सरुवा भ्रमण खर्च रु.१९१७५।०० लिएको र यस पालिकको रमाना पत्रमा नलिएको भनी उल्लेख भएकोले निजले सरुवा भई गएको कार्यालयबाट नलिएको एकिन गरी प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,१७५ |

४२ **फिल्ड भत्ता**

४४२।२०८०।३।२२ भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गरेको अवधि भर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था भएकोमा यस पालिकाले निम्न कर्मचारीहरुलाई उक्त भत्ताहरु लिएको होकी एकिन नै नगरी मासिक रुपमा फिल्ड भत्ता रु.६८८३६९।०० उपलब्ध गराएको हुनाले उल्लेखित भत्ताहरु नलिएको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नु पर्ने रु

| **सिन** | **पद** | **नाम** | **रकम** |
|---|---|---|---|
| १ | ईन्जिनियर | बिनोद लामिछाने | १४६२९८।०० |
| २ | अ स ई | बाम बहादुर केसी | १०७७०३७।०० |
| ३ | सव ई | मनोज किसान | ११०८६६।०० |
| ४ | अ स ई | गौरव थापा | ११७७३७।०० |
| ५ | अ स ई | शर्मिला बोहरा | १३००४४।०० |
| ६ | ईन्जिनियर | विनोद शर्मा | २९७०८।०० |
| ७ | ओ सी | सुरज श्रेष्ठ | २३६१६।०० |
| ८ | अ स ई | केशव हमाल | २२३७३।०० |

| जम्मा | ६८८३७९।०० |
|---|---|

| | प्रमाण पेश नगरेको | ६,८८,३६९ |
|---|---|---|

४३ **शिर्षक फरक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस पालिकाले विभिन्न विधालयहरुको प्रधानध्यापकको बैठक संचालनको लागि भनि भत्ता सम्बन्धित शिर्षकबाट समेत निकासा नदिइ पालिकाको पूजिगत शिर्षकबाट रु.१७८२००।- विनियोजन गरी सम्वन्धित विद्यालयहरुलाई निकासा दिएकोले थप व्ययभार पारेकोले नियमसम्मत नभएको रु.

| | अनियमित भएको | १,७८,२०० |
|---|---|---|

४४ **चालु प्रकृतिको खर्च पूँजिगत शिर्षकबाट**

६०१।२०७९।११।२८ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न अनुसार चालु प्रकृतिको भुक्तानी पूँजिगत शिर्षकबाट रु.१७८६६२०।०० नियम विपरीत खर्च लेखेकोले नियमसम्म नभएको रु……

| **सि न** | **भौचर न मिति** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १ | १९७।२०७९।१२।६ | महिलाको पाठेघर स्वास्थय शिविर सन्चालन | ४४८०००।०० |
| २ | ३४७।२०८०।१।२६ | पशु तथा वाली बिमा अभिमुखिकरण | ३६१५२०।०० |
| ३ | ४११।२०८०।२।१९ | गर्भवती महिलालाई आयोनून र अन्डा | २३५०१०।०० |
| ४ | ४५३।२०८०।३।१० | शैशिक क्यलेण्डर छपाई | ९९४४०।०० |
| ५ | ४७३।२०८०।३।१२ | जेष्ठ नागरीक तथा महिला लक्षित | १४३२००।०० |
| ६ | ५३४।२०८०।३।१९ | न्यायीक समिति कक्षा व्यवस्थापन तालिम | २९९४५०।०० |

| | | | |
|---|---|---|---|
| ७ | ६०१।२०८०।३।२१ | लोक सेवा कक्षा कार्यक्रम | २०००००।०० |
| जम्मा | | | १७८६६२० |

| | |
|---|---|
| अनियमित भएको | १७,८६,६२० |

४५ **निजि स्रोतमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस पालिकाले विभिन्न विद्यालयको बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक पालिकाको पूजिगत शिर्षकबाट रु७१८८०००।- विनियोजन गरी सम्वन्धित विद्यालयहरुलाई निकासा दिएकोले प्राप्त विवरणबाट देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६

४६.१ **प्रमाण पेश गर्नुपर्ने**: ३५४।२०८०।३।११ पालिका शिक्षा नियमावली, २०७७ को नियम १०७ बमोजिम अन्तिम लेखापरीक्षण गराउने र नियम १०८ बमोजिक उक्त प्रतिवेदन व्यवस्थापन समिति र शिक्षा शाखामा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएकोमा निम्न विद्यालयहरुमा आर्थिक बर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षणको लागि रु५४००००।– निकासा भएकोमा ४९ वटा विद्यालयहरुले यस पालिकाको शिक्षा शाखामा उक्त प्रतिवेदन पेश नगरेकोले अन्तिम लेखापरीक्षण प्रतिवेदन पेश गर्ने अन्थया असुल गर्नुपर्ने रु......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४०,००० |

४६.२ **दिवा खाजा –** १९१।२०७९।११।२ कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७८।७९ दिवा खाजा अन्तर्गत कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थि दैनिक रु. 20.00 का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.15 का दरले 180 दिनका लागि विद्यालयमा अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुबै जनाबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र अनुदान दिने व्यवस्था छ । पालिकाले प्रथम चौमासिकमा विभिन्न ५६ वटा विद्यालयमा २९९४ जना विद्यार्थीको लागि ओसत ६५.६२ दिनको लागि रु.१५ दरले जम्मा रु.२९४६९९४।०० निकासा दिनुपर्नेमा ७३ दिनको रु.१५ का दरले जम्मा रु.३२७८४३०।०० निकासा दिएकोले बढी निकासा भएको रकम रु.३३१४३५। एकिन गरी प्रमाण पेश गर्ने अन्यथा उक्त विधालयहरुबाट असुल गर्नुपर्ने रु--

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३१,४३५ |

४६.३ **म्याद थप वेगर कार्य सम्पन्नः** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२० बमोजिम तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा निर्माण सम्झौताको म्याद सकिनु अगावै नियमानुसार म्याद थप गरेर कार्य गर्नु पर्ने व्यवस्था भएकोमा निम्न योजनाहरुमा तोकिएको अवधिमा तोकिएको कार्य सम्पन्न नहुदा समेत म्याद थप वेगर देहाय बमोजिम ढिलागरी सम्झौतामा तोकिएको कार्य सम्पन्न भएको देखिएकोले पालिकाले कानूनमा उल्लेखित मापदण्डको पालना नगरी भएको खर्च नियमसम्त नभएको रु

| भौचर, मिति | उपभोक्ता समिति | विवरण | सम्झौत मिति | सम्पन्न गर्नुपर्ने | सम्पन्न भएको | रकम |
|---|---|---|---|---|---|---|
| ३२९।२०८०।९।२६ | चकमके ढाडा उप समिति | पहिरो नियन्त्रण ७ | २९७९।९।१७ | २०७९।१२।१५ | २०८०।१।२४ | १९९५११।०० |
| ३३०।२०८०।१।२६ | एकता वाल विकास केन्द्र | कक्षा मर्मत २ | २०७९।५।२० | २०७९।१०।३ | २०८०।३।२१ | ३२००६९।०० |
| ३२८।२०८०।१।२७ | भिम पोखरा समिति | बाटो स्तरोन्नती | २०७९।११।३ | २०७९।१२।२९ | २०८०।१।४ | १०२९७७।०० |
| ३१५।२०८०।१।११ | छापा सिरान देखि फप्रेटा जाने | पद मार्ग | २०७९।९।११ | २०७९।१२।२५ | २०८०।१।११ | २४२०२९।०० |
| ३१३।२०८०।१।१० | विहुकोट अमर क्याम्पस | निर्माण कार्यक्रम | २०७९।९।२१ | २०७९।१२।२८ | २०८०।१।१० | ४९३३५५।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३०३।२०८०।१।७ | पदमार्ग दपसा | पदमार्ग निर्माण | २०७९।९।१२ | २०७९।१०।२८ | २०८०।१।७ | ४३८६८३।०० |
| २०८०।३।८ | भिमपोखरा समुदायिक | भवन निर्माण | २०७९।११।२५ | २०८०।२।३२ | २०८०।३।५ | १०८१३६९।०० |
| | **जम्मा** | | | | | **२८७७९९३।००** |

| | |
|---|---|
| अनियमित भएको | २८,७७,९९३ |

४६.४ **न्युन विद्यार्थि संख्या भएका विद्यालय-** संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थि संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। सही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ४९ रहेको र यस आ. व. मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु.२२४९९५४४।निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार देहायका २१ वटा विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा अत्यन्त न्यून संख्यामा विद्यार्थि रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थि संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून बमोजिम एक आपसमा गाभि विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ यस पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीहरुको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। यस पालिका अन्तर्गत ५० भन्दा कम विद्यार्थि संख्या रहेका बिद्यालहरुको विवरण यस प्रकार छ ।

| सि.न. | बिद्यालयको नाम ठेगाना | सन्चालित कक्षा | विद्यार्थी सख्या | शिक्षक सख्या | बार्षिक निकासा |
|---|---|---|---|---|---|
| १ | बराह प्रावि सिगाना बागलुङ | १-५ | ३८ | ४ | २९१७२०५।०० |
| २ | सरस्वती प्रावि पाला वागलुङ | १- ५ | ४६ | ३ | २२०११९०।०० |
| ३ | हरीकमल प्रावि भमापोखरा वागलुङ | १ -५ | ४२ | ३ | २०७४२१२।०० |
| ४ | कालिका प्रावि भिमापोखरा बागलुङ | १ -३ | १७ | १ | ७६६११८।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | बविरा प्रावि भिमापोखरा बागलुङ | १-३ | १२ | १ | १०१४३७७।०० |
| ६ | जन एकता प्रावि धम्जा बागलुङ | १-५ | ४६ | ३ | १८४८९६३।०० |
| ७ | भुमे आ वि तग्राम बागलुङ | १-८ | ४४ | ७ | ३८६९०२६।०० |
| ८ | पशुपति प्रावि तग्राम बागलुङ | १- ५ | २३ | ३ | १६९६२७६।०० |
| ९ | गणतन्त्र प्रावि तग्राम बागलुङ | १-३ | २० | २ | १३६५४१७।०० |
| १० | बर्लुङ प्रावि तग्राम बागलुङ | २-३ | ३ | १ | ९३२८६६।०० |
| ११ | हिमालय प्रावि बिहुँ बागलुङ | | ५ | १ | ७३८३०३।०० |
| १२ | खोलातिर आ वि बिहुँ बागलुङ | १-५ | २३ | ३ | २४१७८५७।०० |
| १३ | प्रजातन्त्रोदय प्रा वि बिहुँ बागलुङ | १-३ | १३ | १ | ९६७४२८।०० |
| १४ | धौलागिरी प्रावि रेश बागलुङ | १-५ | ३५ | ३ | २४२७२१८।०० |
| १५ | परोपकार प्रावि रेश बागलुङ | १-३ | ३४ | २ | १५४७५८३।०० |
| १६ | कृष्ण प्रावि रेश बागलुङ | १-३ | ३९ | ३ | २६४४०४।०० |
| १७ | कालिका प्रावि रेश बागलुङ | १-३ | २९ | २ | ३४२२९२९।०० |
| १८ | ओदानडाँडा प्रावि रेश बागलुङ | १-३ | ३५ | २ | १७१५२१८।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | सरस्वती प्रावि लेखानी बागलुङ | १-५ | ४२ | ३ | २४२६७७०।०० |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

४७ **(क) अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण गरेपछी सो को अभिलेख अनुसूचि ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाइ विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाँउको दुरी राख्नुपर्ने उल्लेख छ।पालिकाले चालुतर्फका विभिन्न कार्यक्रमहरुबाट अनुगमन खर्च बापतको रकम भुक्तानी गरेको छ।तर भ्रमणको अभिलेख, भ्रमणको प्रतिवेदन राखेको भेटिएन।जसले गर्दा अनुगमन तथा भ्रमणको सही सदुयपोग भएको छ भन्ने आधार पुष्टी हुन सकेन त्यसैले यसतर्फ सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्ने देखिन्छ।

**(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष =56जनालाई रोजगारी उपलब्ध गराई रु.३६३४२४० खर्च गरेको देखिन्छ । लक्षित वर्गलाई औषत ९९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको नदेखिदा त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**(ग) तालिम कार्यक्रम -** पालिकाले योवर्ष तालिम कार्यक्रममा ३ दिनको ७, ७ दिनको ७ र १५ दिनको ५, ३० दिनको २ र ४५ दिनको १ गरी जम्मा २२ वटा तालिम कार्यक्रम संचालन गरी ४०३ जना व्यक्तिलाइ दक्ष बनाएको र उक्त कार्यक्रम संचालन गर्दा जम्मा रु २२३००००। खर्च भएको बिबरण प्राप्त भएको छ । यसरी तालिम प्राप्त व्यक्तिहरुको स्वरोजगार श्रृजना र उत्पादन तथा आय बृद्धि सम्वन्धमा भएको सकारात्मक परिवर्तन सम्वन्धमा पालिकाले अनुगमन गरेको देखिएन । स्वरोजगारी श्रृजना र उत्पादन बृद्धि हुने यसप्रकारका कार्यक्रममा पालिकाले आवश्यक र पर्याप्त बजेट तथा कार्यक्रमको व्यवस्था गरी यस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनु पर्दछ साथै यस्ता कार्यक्रमहरुको सदुपयोग र उपलव्धि सम्वन्धमा पर्याप्त अनुगमनको संयन्त्र बिकास गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |
| | |

४८ **सामाजिक सुरक्षा भत्ता-** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम वितरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा भत्ता रु १४,३९,५१,६८५। सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको विवरण प्राप्त भएको छ । जसको परीक्षणबाट निम्नानुसार देखियो ।

**१. एम आई एस विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ४ को बुँदा नं १४ अनुसार प्रत्येक स्थानीय तहले प्रविष्टि गरेको अद्यावधिक एम आइ एस लगतका आधारमा भत्ता रकम निकासा

हुने व्यवस्था छ।पालिकाबाट प्राप्त एम आइ एस अभिलेखको परिक्षण गर्दा लाभग्राहीको विवरण पूर्ण रुपमा अद्यावधिक भएको पाइएन्।नमुना छनौट गरी परिक्षण गर्दा केही लाभग्राहीको वावु आमा बाजेको नाम उल्लेख गरेको पाइएन। एउटै नागरिकता नं भएका १ जना भन्दा बढी लाभग्राहीहरुको विवरण देखिन आयो।एम आइ एस विवरण अद्यावधिक नहुँदा एकै नाम थर भएको व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी हुन सक्ने र मृत्यु भैसकेकालाई समेत भत्ता भुक्तानी हुन सक्ने हुँदा पालिकाले एम आइ एस अद्यावधिक गरेर मात्र भत्ता भुक्तानी गर्नुपर्दछ।

**२. विवरण अद्यावधिक –** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा ३० मा स्थानीय तहले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरि एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरुको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयहरुमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति मार्ग ७ गतेभित्र दोश्रो चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेश्रो तथा वार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नु पर्ने उल्लेख छ । कार्यालयले सवै विवरण एम.आइ.एस.मा प्रविष्टि गरेको जनाएको भए तापनि प्रगति विवरण समेत तयार गर्नु पर्दछ ।

**३. निस्क्रिय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७५ को दफा २३ (५) मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र स्थानीय तहका साथै केन्द्रिय पंजिकरण विभागलाई दिनुपर्ने व्यवस्था छ।लेखापरिक्षणको क्रममा त्यस्तो विवरण माग गर्दा प्राप्त हुन सकेन।पालिकाले विभिन्न बैंकमा भएको निष्कृय खाताको विवरण माग गरी उल्लेखित निष्कृय खाताका लाभग्राहीहरु मध्ये वास्तविक लाभग्राही सम्बन्धमा वडा कार्यालयहरुबाट एकिन गरी नभएको अवस्थामा खातामा निष्कृय रहेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

**४. लगत कट्टा पश्चात रकम जम्माः** पालिका बाट प्राप्त फरवार्ड फिडको नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको मृत्यु पश्चात लगतकट्टी गरेर पनि लाभग्राहीको खातामा सामाजिक सुरक्षा वापतको मृत्यु पश्चातको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकोले मृत्यु पश्चात जम्मा भएको रकम जिम्मेवा व्यक्तिबाट असुल गर्नुपर्ने रु

| सि नं | किस्ता | परिचय पत्र नं | वडानं | नाम थर | नाम काटेको मिति | जम्मा गरेको रकम |
|---|---|---|---|---|---|---|
| 1 | 4 | 2009060400289 | 1 | कृष्ण बहादुर सार्की | 2080-2-1 | 12000 |
| 2 | 4 | 2005091501657 | 5 | धन बहादुर घर्ति रोका | 2080-3-2 | 12000 |
| 3 | 3 | 20011052100174 | 5 | प्रमानन्द डागी | 2079-10-29 | 12000 |
| 4 | 3 | 2002111800417 | 6 | रिषीराम कंडेल | 2079-10-17 | 12000 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | 4 | 2005042200302 | 7 | दिलबहादुर थापा | 2080-2-25 | 12000 |
| 6 | 3 | 2001080501477 | 7 | तिलबहादुर काउछा पुन | 2079-12-25 | 12000 |
| 7 | 3 | 2005041202216 | 8 | रविलाल राना | 2079-12-24 | 12000 |
| 8 | 4 | 2005042200302 | 7 | दलबहादुर थापा | 2080-2-25 | 12000 |
| 9 | 4 | 2017080800487 | 1 | जानकी सार्की | 2080-2-18 | 7980 |
| 10 | 4 | 2005091501657 | 5 | धनबहादुर घर्ति रोका | 2080-3-2 | 12000 |
| 11 | 1 | 1988031500882 | 2 | खड्क बहादुर थापा | 2079-6-5 | 12000 |
| 12 | 1 | 19933021500793 | 3 | टेकबहादुर घर्ति | 2079-6-14 | 12000 |
| 13 | 1 | 2009020407937 | 5 | तुलसी कंडेल | 2079-4-19 | 12000 |
| 14 | 1 | 1990020600244 | 5 | गर्गादत्त कंडेल | 2079-4-31 | 12000 |
| 15 | 1 | 1990031501864 | 5 | नन्दकली बि के | 2079-6-10 | 12000 |
| 16 | 1 | 1988010200629 | 6 | प्रभाति कंडेल | 2079-5-23 | 12000 |
| 17 | 2 | 2001121505867 | 8 | कर्णबहादुर गुरुऊं | 2079-8-21 | 12000 |
| 18 | 1 | 1996120100597 | 8 | दलकुमार प्रधान | 2079-5-28 | 12000 |
| 19 | 1 | 1995112000401 | 8 | मतिलाल कंडेल | 2079-6-251 | 12000 |
| | | | | जम्मा | | २२३९८० |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २,२३,९८० |
| | | |

४९ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोराहरुः** आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोरा निम्नानुसार छन् ।

**१. बिल बिजक-** भौ न ४४१ मिति २०८०।०३।२२ सुचना प्रणाली तथा सफ्वयट्वयर संचालन खर्च भनि सफ्टेक इन्फोसिस प्रा लि लाइ कर विजक न २२४ वाट फोटोकपि विलवाट लेखीएको खर्च रु ६१४५८।– लाइ सक्कल बिजक पेश हुनुपर्ने भनि आ ले प ले औल्याएको रु. ६१४५८।

**२. बिल बिजक-** भौ न १९९ मिति २०७९।१२।०७ मा परिक्षा संचालन सिकाइ उपलब्धी विद्यार्थी सत्यापन तथा अभिभावक सचेतना कार्यक्रम कार्यक्रम भनि शिक्षा शाखा प्रमुखले खर्च गरेको विल रकम रु २१५१००।– मा रु ११६००। विल आलेप अवधि सम्म नपुग भएको रु ११६००।–

**३. निजी श्रोतका शिक्षक–** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था भए वमोजिम पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई सम्वन्धित शिर्षक वाटै तलव भत्ता भुक्तानी गर्नु तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

**४ .निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यालय गत निकासा अभिलेख खाता राखेको पाइएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।

**५. दरबन्दि अभिलेखः** कार्यालयले पालिका क्षेत्र भित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरबन्दि सख्या तलव तथा ग्रेड र सेवा अवधि समेत देखिने गरि शिक्षक दरबन्दि अभिलेखा राखेको हुनु पर्दछ । पालिकाले शिक्षकहरुको दरबन्दि अभिलेख राखेको नदेखिएकोले सो अनुसार गर्नुहुन सुझाव छ ।

**६. दिवा खाजा तथा छात्रछात्रवृतिः-** विद्यालयहरुलाइ दिवा खाजा वापतको रकम र छात्राछात्रवृति वितरण वापतको रकम भुक्तानी गर्दा IEMIS मा उल्लेखित विद्यार्थीहरुको अद्यावधिक विवरणको आधारमा गर्नु पर्दछ । सोही अनुसार दिवा खाजा तथा छात्राछात्रवृतीलाइ थप प्रभावकारी वनाउदै लैजानू पर्ने देखियो ।

**७ औषधी तथा उपकरण खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क), नियम ७२ को उपनियम १, नियम १८ को उपदफा १ को ६ क र नियम ८५ को उपनियम १ क मा औषधीजन्य मालसामान खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले उक्त प्रक्रिया वेगरभित्र विभिन्न मितिमा विभिन्न सप्लार्यसबाट बिस लाख भन्दा माथिका ओषधी सोझै खरिद गरेको देखिदा यसलाइ नियमसंगत मान्न सकिएन । यस सम्वन्धि देखिएका व्यहोरा निम्न छन ।

• खरिद गरेका ओषधी कुन ओषधी कम्पनी वाट उत्पादन भएको हो र सोको मुल्य MRP राष्टिय प्रत्रिकामा प्रकाशन गर्नु पर्नेमा सो भएको पाइएन ।

• आपुर्ति भएका ओषधी एव सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशन अनुसार भए नभएको कारण ओषधीको गुणस्तर र म्याद सम्वन्धमा यकिन गर्न नसकिएको ।

• ओषधीको खर्च घटाउददा मागफारमको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो ।

तसर्थ ओषधी खरिद आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरि अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसार ओषधी प्राप्त भएको नभएको यकीन गरि हस्तान्तरण तथा खरिद गरिएको ओषधीको विवरण खूल्ने गरि अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्तयमा मौजुदात रहेका ओषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको सम्वन्धित शाखाले ध्यानदिनु पर्ने देखिन्छ ।

**८. जिन्सी सम्वन्धमाः-** नेपाल सरकार ले खरिद प्रकृयालाइ पारदर्शी बाउनका लागी प्रत्येक कार्यलयमा जिन्सी शाखाको व्यवस्था गरेको छ र जिन्सी सामानको खरिद लाइ एकद्धार प्रणाली वाट दाखिला गर्नको लागी जिन्सी पाम्स सव्टवयरको व्यवस्थापन गरि सचालन गर्दै आएको कार्यलयका जुनसुकै शाखामा आवश्यक सामाग्री खरिद गर्दा कार्यालयको मुल जिन्सी दर्ता गरि भुक्तानी प्रकृया अगाडी वढाउनु पर्ने मा कार्यालय वाट कति पय विल भुक्तानी गर्दा सम्वन्धित शाखामा जिन्सी दर्ता गरि भुक्तानी लिएको देखिदा कानुन वमोजिम हुनु पर्ने देखियो । केही उदाहरण देहाय वमोजिम रहेका छन ।

| भौ न | मिति | विवरणा | भुक्तानी रकम |
|---|---|---|---|
| ४५६ | ०८०।०३।२२ | अपिस सामान सप्लायर्स | ३०२१३९। |
| ४६८ | ०८०।०३।२३ | गौतम आइटी शोलुसन | ११७०००।- |
| ४६१ | ०८०।०३।२३ | गैरे वस्त्रालय/रञ्जना बस्त्रालय | १२६०००।- |
| ४८४ | ०८०।०३।२३ | श्री कृष्ण मेडीको कन्सर्न | ९५४४०। |

९. भौ न ४५१ मिति २०८०।०३।२२ मा हात्तीपाइले रोग विरुद्ध आम ओषधी सेवन अभियान संचालन विनियोजित वजेट रु 955000।मा स्वास्थय शाखा प्रमुख लाइ कार्यक्रम संचालनको लागी रु ६०००००। पेश्की दिएको र पछि पेश्की फछ्र्यौट गरि 220068। जम्मा खर्च रकम रु ८५६७२६।– भएको देखियो र खर्चका विल मध्ये टी.एस नेपाल व्याग तथा रेडमेड उद्योग काठमाण्डौ ५५ थान ८८४। का दरले व्याग खरिद र सोही कार्यक्रममा श्री कृष्ण मेडीको कन्सन्र वागलुङ ओषधी खरिद भनि रु ५६५५४। को खर्च विलमा कार्यालयको मुल दर्ता पाम्समा जिन्सी दाखिला नभएको रु १०५१७४।

**१०. परामर्श सेवा –** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको

माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्ने देखियो । साथै कृषि तथा पशुकार्यक्रम साझेदारी वहु वर्षे कार्यक्रम संचालनको लागी गैरसहकारी संस्था विवाईसी वागलुङ अन्तर्गरगत हेफर नेपाल प्रोजेक्ट लाइ विभिन्न मितिमा भौ न २८/३७/३८/२२९/२३०/४८५ बाट रकम रु.9909697। भुत्तानी भएको देखिदा कार्य विवरणको आधारमा परामर्श सेवाको भुत्तानी दिदा कार्यविवरण वमोजिमको काम सम्पन्न भएको प्रतिवेदन संलग्न राख्नु पर्ने देखिन्छ ।

**११ . प्रगति विवरण –** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा ३० मा स्थानीय तहले वितरण गरेको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरि एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरुको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयहरुमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति मार्ग ७ गतेभित्र दोश्रव चौमासिकको प्रगति विवरण चैत्र ७ गतेभित्र र तेश्रो तथा वार्षिक प्रगति विवरण श्रावण ७ गतेभित्र प्रविष्टी गरिसक्नु पर्ने उल्लेख छ । कार्यालये सवै विवरण एमआइएसमा प्रविष्टि गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण नराखेकोले सो सम्बन्धि व्यहोरा परिक्षण गर्न सकिएन ।

**१२. भौ न ३५१** मिति २०८०।०३।११ गरिवी निवारणा का लागी लघुउद्म बिकास कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम लघुद्यम विकासमा मोडलमा नया उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तर्गत मेडपाको स्तरउन्नती कार्यक्रममा विनियोजी रकम रु ८२००००।पालीका भित्र २/३/५ र ७ नंवर वडामा सिप विकास तालिम सम्पन्न भएको ले खाना खाजा जस्ता विविध खर्चमा खर्च का विल भरपाइ र भत्ता वढि पेश हुदा तालिम लाभदायी नहुनेहो की भन्ने देखिदा यस लाइ सुधार गदै लैजानू पर्ने देखियो ।

**१३. विविध खर्च खाता वाट भुत्तानी-** आद्योगिक ग्राम – गत आ.व ०७७।०७८ मा उद्योग तथा वाणिज्य तथा आपुर्ति मन्त्रालय काठमाण्डौ वाट औद्योगिक ग्राम पुर्वाधार विकासको लागी रु ९२ लाख प्राप्त अख्तियारी वमोजिम विनियोजित रकम वाट काठेखोला गाउपलिका अन्तर्गत वडा नं ७ रेश मा आद्यैगीक बिकास कार्यक्रम संचालन को लागी सार्वजनिक खरिद एन २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली को दफा ११८ वमोजिम ठेक्का स्वीकृत भइ गरि ए.ए कन्ट्रक्सन को ठेक्का सकार वाट कार्यन्वयन गर्दै आएकोमा प्राविधिक कागजात अनुसार कुल लागत अंक ९४७२८८४।५७ कार्यसम्पन्न प्रतिवेदन अनुसार रु ९२७९०६७।४० भुत्तानी माग भएको र विभिन्न मितिमा रु ५३६८६५०।५३ भएको र वाकी रकम रु ३९२७३६५।०२ दिन बाकी रहेको चालु आ व ३९२७३६५।०२ मा रु ८५००००। हजार पेश्की फर्छ्यौट गरि वाकी रकम भुत्तानी मागको लागी मिति २०७९।०६।१४ मा मिति २०७९।०८।०७ रु २९२०७८१।– भुत्तानी भएको र बाकी रकम १५६५८४। भुत्तानी वाकी देखियो ।

**१४. संघिय सरकार समपुरक अनुदान–** तर्फ विगत आ.व दखि एकापाटा वौर सडकाका लागी विनियोजित वजेट मध्ये ठेक्का स्वीकृत रकम रु.६७१४५५९८।६१ जोशि निशान आचार्य जे.भि कम्पनी संग ठेक्का संझौता गरि हाल सम्म ३०६८७५५१।५२ रकम भुत्तानी लगेको देखिदा कामका प्रगति केही भए देखिदैन त्यसैले कार्यालयले सो कार्य अविलम्व सक्नका लागी सार्वजनकि खरिद नियमावली तथा ऐन वमोजिमको व्यवस्था अपनाई काम गर्नुपर्ने देखियो ।

**१५. कार्यालयवाट विभिन्न मितिमा ईन्धन खर्च–** भुत्तानी दिदा कुपन तथा आदेश वाट ईन्धन खर्च भएको विल र साधनका प्रयोग भएको लगबुक संलग्न रहेको तह अनुसार तोकिएको कोटा भित्र ईन्धन खर्च गरिएको जस्ता आवश्यकता हेरि ईन्धन खर्च लेख्नु पर्नेमा कतिपय ईन्धन विल भुत्तानी गर्दा सवारी लक वुक नभएको देखिदा लक वुक पेश गरि खर्च भुत्तानी गर्नुपर्दछ ।

**१६ .मर्मत खर्च भुत्तानी सम्वन्धमाः–** भवन सवारी साधन मेशिनरी उपकरण कार्यालय सामान फर्निचर लगायत पूंजीगत सामानको मर्मत सम्भार गरि भुत्तानी दिदा सो को लागत ईष्टिमेट तयार गरि मर्मत खर्च मितव्यति बनाउनु पर्ने मेशिन सवारी साधन को मर्मत चल्ती मेशिन वा सवारीको किताबमा मर्मत तथा सम्भार को लगत राख्नु पर्ने फेरिएका सामानको फिर्ता दाखिला गर्नु पर्ने मर्मत गर्न अधिकार प्राप्त अधिकारीको आदेश र मर्मत भएको

कुरा सम्वन्धित कर्मचारी वा प्राविधिकवाट प्रमाणीत गराई राख्नु पर्ने एउटै सामान सवारी साधन उपकरणको पटक पटक मर्मत सम्भार गरे वाट नयां खरिद सरह खर्च हने जोखिम लाई विचार पु–याई कार्य गर्नु पर्ने भन्ने व्यवस्था भएको देखिदा सोही अनुसार गर्नु गराउनु पर्ने देखियो ।

**१७. कन्टेजेन्सी खर्च सम्वन्धमा–**स्वीकृत वजेटको सिमाभित्र रही कन्टेजेन्सी खर्च गरेको कन्टेजेन्सी खर्च गरिएको रकमको काग्रक्रमगत अभिलेख राखेको कन्टेजेन्सी खर्च आयोजना तर्जुमा सुपरिभेक्षण,अनुगमन,मुल्याङ्न,जांचपास तथा प्रतिवेदन तथा आयोजना व्यवस्थापन का लागी प्रयोगशाला स्थापना योजना संग सम्वन्धित सामिजिक परिक्षण जस्ता काय मात्र खर्च गर्न सकिने एकमुष्ट रुपमा कन्टेजेन्सी छुट्टाएपछि आयोजनागत रुपमा लागत अनुमान तयार गर्दा छुट्टै कन्टेजेन्सी रकम नछुट्टाएको प्रचलित ऐन नियम तथा कार्यविधिमा तोकिएको सिमाभन्दा वढि खर्च गरेको कन्टेजेन्सी खर्च सम्वन्धि मापदण्ड तयार गरि खर्च गर्ने व्यवस्था भएको देखिदा सोही अनुसार गर्नु पर्ने देखियो ।

**१८. अनुगमन तथा भ्रमण खर्चः-** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण सकेपछी सो को अभिलेख अनुसुची ६ को ढाचामा राख्नुपर्ने तथा भ्रमण लाइ विश्वासनिय बनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ। साथै कार्यलय वाट भ्रमण आदेश कार्यालय प्रमुख वा अख्तियार प्राप्त व्यतिवाट स्वीकृत हुनु पर्ने व्यवस्था भए वमोजिम स्वास्थय सम्वन्धि कार्यक्रममा कतिपय पालिका अन्तर्गत रहेका स्वास्थय प्रमुखले दैनिक भ्रमण भत्ता स्वीकृत गरेको देखिदा यस्ता भ्रमणा आदेश कार्यलय प्रमुख वा कार्यालय प्रमुख नभएको वखत स्वीकृत गर्नु पर्ने भएका उहांको उपस्थितमा समर्थन गराइ भुत्तानी खर्च लेख्नु पर्ने दखिन्छ ।

भौ.नं २४५ मिति ०७९।१२।१४ सामुदायिक विद्यालयहरुका छात्राहरुलाई निशुल्क सेनीटरी प्याड व्यवस्थापन भनि विनियोजित रकम रु १३६३०००।कार्यालय टेण्डर नगरि रु ९९३६००।–वरावरको पोखरा सेनेटरी प्रोडक्स वाट भ्याट वाहेक प्रति पिस ९५।५७ थान ९२००। खरिद भएको देखियो सार्वजनिक खरिद नियमावली ०६४ को परिच्छेद ३ को दफा १८ को नियम १ एनको दफा ६ क अनुसार प्रकृया पुरा भएको देखिएन साथै भुत्तानी दिने सम्वन्धीत सप्यायर्स सुची दर्ता कार्यालयको मुल दर्तामा नगरी सम्वन्धित शाखामा भएको देखिदा नियम संगत मान्न सकिएन र सेनेटरी प्याड विद्यालय लाइ ९२११ वितरणा भएको श्रेस्ता अनुसार देखिदा खरिद ९२०० र वितरण ९२११ कसरी हुन गयो सो सम्वन्धमा प्रष्ट हुन सकिएन ।

**१९. भौ.न ६५५** मिति२०८०।०३।२४ काठेखोला गाउपालिका का सवै वडामाहरु चट्टाङ वाट निवाकरण लाइटीङ एरेषटर जडान गरि हुन सक्ने दुर्घटनालाई रोक्ने उदेश्य ले गण्डकी प्रदेश सरकार वाट विनियोजित रकम रु १,५०,०००००।शसर्त पूजीगत अनुदान प्राप्त भइ सार्वजनिक खरिद एन र नियवली अनुसारकव प्रकृया पुरा गरि नेक्सजर्न आइटी शोलुसन्स प्रा लि ठेक्का स्वीकृत रकम रु १८६२७२४७।–कम्पनी सग मिति २०८०।०२।०१ मा संभःता भई प्राविधिक नापजाच वमोजिम कार्यसम्पन्न मुल्याङकन १७२३०२९४।– भुत्तानीको लागी सिफारीस भएको देखियो। साथै उत्त योजना को लागी पदेन मुल्याङ्न समितिका सदस्य वाहेका सदस्यको लागी कार्यालयले पत्र दिनु पर्ने र योजनाको ठेक्का फाईल तयार गरि राख्नु पर्ने कम्प्युटराइझ नापी किताव तयार गएकोमा प्रत्येक पानामा पेज न राखी वाईडीङ गरि नापी किताव नियन्त्रणा अभिलेख अद्यावधी गरि राखीनु पर्दछ ।

**२०. भौ नं ८६** मिति ०७९।०३।२४ मा शर्सत अनुदान पुजीगत तर्फ देखि झोलुङ पुल शिर्षकमा विि िनियोजित रकम रु ४१०००००।– मध्ये गा.पा अन्तर्गत स्वीकृत भएका ३ वटा झो.पु को लागी रकम १६७५६४६।– पेश्की खर्च लेखि वांकी रकम रु २२२५८१७।–स्टील पार्टस को लागी ईन्टर टच प्रा.लि वुटवल लाई भुत्तानी दिएको देखिदा उक्त सामाग्रीको दाखिला गरि सम्वन्धित कामको लागी पहल गर्नु पर्ने देखियो ।

**२१. गो भौ न ४७९** मिति २०८०।०३।१२ मा काठेखोला गाउपालिका वडा न ४ को गौरवको योजना संचालनको लागी डूडीया लमाडी देखि वडा कार्यालयमा हुदै धम्जा देउराली जोड्ने मोटर वाटो स्तरोउन्तीका लागी विनियोजी रकम रु २००००००। सार्वजनिक खरिद एन २०६३ र नियमावली ०६४ अनुसार सिलवन्धी दरभाउ पत्र वमोजिम कार्की सत्वती कन्ट्रक्सन बागलुङ्ले १९७९७५७।६२ मा ठेक्का सकार गरि निर्माण कार्य गरेको विल भुत्तानी भएको देखिदा योजनाको कार्यन्वयनमा ठेक्का फाईल तयार गरी राख्नु पर्दछ ।

जरिवानाः- भौ न ३४८ मिति २०८०।२।१४ मा कार्यालयको स्वामीत्वमा रहेका तपसिलमा उल्लेखित सवारी साधनको समयमा बिल बुक रिन्यु नगरे वापत कार्यालयले देहाय वमोजिमको जरीवाना तिरेकोले वेरुजु दाखिला गर्नु पर्ने रकम रु २२६००।–

| क स | सवारी साधन नम्वर | जरिवाना रकम |
|---|---|---|
| १ | ध.१.बः- ३९० | १६००।- |
| २ | ४७० | १६००।- |
| ३ | ४६८ | १६००।- |
| ४ | ४६९ | १६००।- |
| ५ | ४६६ | ९००।- |
| ६ | ४७२ | १६००।- |
| ७ | ४७३ | १६००।- |
| ८ | ध.१.भः १५ | ३४००।- |
| ९ | २२ | ३५००।- |
| १० | ग-१-ग २१६ | ५२००।- |

| | | |
|---|---|---|
| ४९.२ | नपुग बिलबिजक | ११,६०० |
| ४९.१ | बिजक पेश हुनुपर्ने | ६१,४५८ |
| ४९.२१ | वेरुजु दाखिला गर्नु पर्ने | २२,६०० |
| ४९.९ | जिन्सी दाखिला नभएको | १०५१७४ |
| | प्रमाण पेश नगरेको | २००,८३२ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : काठेखोला गाउँपालिका, बागलुङ , काठेखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Churna Bahadur Karki | २०७७-५-१५ | २०७९-४-९ |
| कार्यालय प्रमुख | खगराज गाैतम | २०७९-४-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | माधब शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,३७९,८९९ | ३७,०५७,४७० | १३,३८६,३४० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५७,८२३,७०९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५७,८२३,७०९ |

स्थानीय तह :

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | ५६०३८९५९.४ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ४१२०६४७१७ | **चालु खर्च** | ३०४९८११३९ |
| **प्रदेश सरकारबाट अनुदान** | १८५९०५१७ | **पूँजीगत खर्च** | १८८९१५६६६ |
| **राजश्व बाँडफाँट** | ७६९३०९१७ | **वित्तीय/अन्य व्यवस्था** | २७९५१६६१७.३३ |
| **आन्तरिक आय** | ७६६६२०२.० | | |
| **अन्य आय** | २७३८६९९४२.३३ | | |
| **कुल आय** | ७८९१२२२९५.३३ | **कुल खर्च** | ७७३४१३४२२.३३ |
| **बाँकी मौज्दात** | | ७१७४७८३२.४ | |

**बेरूजु दफा ३४.२ सँग सम्बन्धित विवरण - अनुसूची -३**

जटिल प्रकृतीको कार्य

| योजनाको नाम | सम्झौता रकम | मूल्याङ्कन रकम | भुक्तानी रकम | जनसहभागिता |
|---|---|---|---|---|
| वानपा ७ काप्रे धिमि पाला भिमापोखरा जोड्ने मोटरबाटो स्तरवृद्धि | 2211985.1 | 2120413.04 | 1908427.94 | 211985.1 |
| सरस्वति प्रा. वि. भवन निर्माण | 802082.49 | 803416.66 | 700000 | 103416.66 |
| - Amchurdada motor bato marmat | 557462.36 | 566633.52 | 509171.16 | 57462.36 |
| पैरे खानी सुरुङ मोटरबाटो निर्माण तथा नाली व्यवस्थापन | 1224884.03 | 802588 | 677703.97 | 124884.03 |
| दुवारा देखी डोभान खोला संम्सानघाट मोटर बाटो निर्माण | 1107914.43 | 1001515.54 | 893601.11 | 107914.43 |
| पर्यटन तथा जनजाति सङ्ग्रालय निर्माण | 564512.34 | 569657.54 | 500000 | 69657.54 |
| खोर आहाल संरक्षण | 1110000 | 1110000 | 1000000 | 110000 |

| | | | | |
|---|---|---|---|---|
| विहुकाेेट खेल्कुद मैदान निमार्ण | 560935.34 | 565476.05 | 500000.00 | 65476.05 |
| शिवालय मन्दीर बाटाे ममर्त | 1119240.97 | 972321.69 | 853080.72 | 119240.97 |
| वडा कार्यलय पुर्णता | 1638000 | 1638000 | 1300000.00 | 338000.00 |
| जनकल्याण प्रा. वि. | 775453.95 | 772413.2 | 696959.25 | 75453.95 |
| आरिमपाटा छहरेखोला दामगाडे सडक स्तोन्नती | 1668613.83 | 1338146.16 | 1169532.33 | 168613.83 |
| सिरमथान देखि डैलेखानी घुम्ती सम्म पदमार्ग | 550268.54 | 550268.54 | 500000.00 | 50268.54 |
| कुसुन्डे, लाम्पाटा , भुपाल , हुदै मजुवा सडक निमार्ण | 1131784.00 | 1108089.00 | 976305.00 | 131784.00 |
| काउचा टाेल मुलमुले हुदै घर्ती टाेल सम्म माेटरबाटाे ममर्त | 552859.99 | 552859.99 | 500000.00 | 52859.99 |
| भाटीखाेला खाली हुदै भुमेचाैर भुमेचाैर सम्म माेटरबाटाे ममर्त | 550000.00 | 500000.00 | 450000.00 | 50000.00 |
| लेखानी काेट मन्दीर पाल निमार्ण | 672923.31 | 674357.33 | 600000.00 | 74357.33 |
| भुमेचाैर गाैडा हुदै कादेश माेटरबाटाे निमार्ण | 279211.24 | 279018.42 | 1999807.18 | -1720788.76 |
| लेखानी मा वि भवन ममर्त | 831275.33 | 802075.96 | 770800.63 | 31275.33 |
| पसलटोल देखि पिपलबोट सम्म मोटर बाटो मर्मत | 547086.91 | 547086.91 | 500000.00 | 47086.91 |
| लेखानी सुल्डाँडा सडक स्तरोन्नती | 3004803.97 | 2608799.88 | 2347919.89 | 260879.99 |

| | | | | |
|---|---|---|---|---|
| धिमि करिना मा.वि. पुस्ताकालय व्यवस्थापन | 715000.00 | 715000.00 | 650000.00 | 65000.00 |
| धिमि करिना मा।वि भवन निर्माण | 2800000.00 | 2800000.00 | 2500000.00 | 300000.00 |
| जनप्रिय प्रा.वि. भवन निर्माण | 2800000.00 | 2600000.00 | 2300000.00 | 300000.00 |
| मुन्द्रेदेव प्रा.वि. भवन निर्माण | 2800000.00 | 2800000.00 | 2500000.00 | 300000.00 |
| जनता मा.वि भवन निर्माण | 2800000.00 | 2800000.00 | 2500000.00 | 300000.00 |
| अमर मा.व. भवन निर्माण | 5500000.00 | 5500000.00 | 5000000.00 | 500000.00 |
| अमृतपाणी आ.वि. भवन निर्माण | 2800000.00 | 2600000.00 | 2018414.00 | 300000.00 |
| भिमसेन मा.वि. भवन निर्माण | 5500000.00 | 5500000.00 | 5000000.00 | 500000.00 |
| काशिराम छन्त्याल आ.वि. भवन निर्माण | 2800000.00 | 2800000.00 | 2500000.00 | 300000.00 |
| लेखानी मा.वि. भवन निर्माण | 2800000.00 | 2800000.00 | 2500000.00 | 300000.00 |
| वडा कार्यालय मर्मत | 1638000.00 | 1642000.00 | 1300000.00 | 342000.00 |
| सभाहल निर्माण | 2800000.00 | 2800000 | 2500000 | 300000.00 |
| जम्मा | 57214298.13 | 55240137.43 | 50621723.18 | 4336828.25 |